भाषा शिक्षणका दृष्टिले कक्षा चारको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन विश्लेषण

रुद्रबहादुर क्षेत्री

परीक्षा क्रमाङ्कः २४००१३२

त्रि.वि.वि. दर्ता क्रमाङ्कः ९-२-२४०-३७०-२००५

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय,नेपाली

भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह

(एम्.एड्.),द्वितीय वर्षको नेपा.शि.

५९८ पाठ्यांश पूरा गर्ने

प्रयोजनका लागि

प्रस्तुत

शोध पत्र

२०७१/२०१४

नेपाली भाषा शिक्षा विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

सप्तगण्डकी बहुमुखी क्याम्पस
शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग

निर्देशकको सिफारिस-पत्र

नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको नेपाली भाषा शिक्षा विषयको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **'भाषा शिक्षणका दृष्टिले 'कक्षा चारको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन विश्लेषण'** शीर्षकको शोधपत्र शोधार्थी **रुद्रबहादुर क्षेत्री**ले मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँले यस शोधपत्र तयार गर्न निकै परिश्रम गर्नु भएको छ । यस शोध कार्यबाट म पूर्ण सन्तुष्ट छु । अतः यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनको लागि नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस समक्ष सिफारिस गर्दछु ।

शोध निर्देशक

.....

उपप्राध्यापक श्री रमा घिमिरे
नेपाली भाषा शिक्षा विभाग
शिक्षाशास्त्र सङ्काय
सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन

मिति : २०७०/१२/३०
सन् : २०१४/०४/१३

कृतज्ञता

यस **'भाषा शिक्षणका दृष्टिले 'कक्षा चारको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन विश्लेषण'** शीर्षकको प्रस्तुत शोधपत्र त्रि.वि. अन्तर्गत शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षा विषयको स्नातकोत्तर तह, दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको हो ।

सर्वप्रथम यस शोधपत्रलाई तयार गर्ने क्रममा कहिल्यै बोझ र झन्झटका रूपमा नलिई हरतरहले सहयोग गर्नुहुने शोध निर्देशक आदरणीय गुरुमा श्री रमा घिमिरेप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यस्तै विभागीय प्रमुख श्री वलराम सिवाकोटीप्रति पनि कृतज्ञ छु । यस शोधको शीर्षक चयनदेखि शोधपत्र तयार गर्दासम्म सल्लाह सुझाव दिनु हुने विभागीय गुरूहरू श्री भवनाथ सडौला, विष्णुप्रसाद सापकोटा, श्री रमेश प्रभात र श्री विन्दु पौडेलप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र तयारीका क्रममा आवश्यक सामग्री उपलब्ध गराउन सहयोग पुऱ्याउने सप्तगण्डकी बहुमुखी क्याम्पसको पुस्तकालय, क्याम्पस प्रशाशन, लेखा शाखा, त्रि.वि.वि. केन्द्रीय पुस्तकालय र शिक्षाशास्त्र सङ्काय पुस्तकालयप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

मलाई शोधपत्र लेखनको क्रममा हरतरहले सल्लाह र सहयोग गर्नुहुने जीवनसाथी सङ्गीता क्षेत्रीप्रति हार्दिक आभार व्यक्त गर्दछु । मेरो प्यारो छोरो दर्शनलाई सदा सम्झिरहन चाहन्छु । मलाई यस धर्तीमा पाइला टेक्न दिई कर्म गर्न सिकाउने आदरणीय बाबा डिलबहादुर क्षेत्री, आमा विष्णुकुमारी क्षेत्रीप्रति आजीवन ऋणी छु । त्यस्तै सहपाठी साथी सरोज दवाडीप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यसैगरी मलाई सहयोग गर्नु हुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षा विभाग सप्तगण्डकी बहुमुखी क्याम्पससमक्ष यो शोधपत्र पेस गर्दछु ।

मिति : २०७०/१२/३०
सन् :२०१४/०४/१३

शोधार्थी

रुद्रबहादुर क्षेत्री

परीक्षा क्रमाङ्क : २४००१३२
सप्तगण्डकी बहुमुखी क्याम्पस

शोध सार

शोधार्थी : रुद्रबहादुर क्षेत्री

शोध निर्देशक : रमा घिमिरे

शैक्षिक सत्र : २०६५/०६७

विभाग/क्याम्पस : नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन

पृष्ठ सङ्ख्या : ६१+१६

परिच्छेद : पाँच

शोध प्रक्रिया

यस "**भाषाशिक्षणका दृष्टिले कक्षा चारको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन विश्लेषण**" शीर्षकमा तयार पारिएको यस शोधपत्रमा सामग्री सङ्कलनका क्रममा पुस्तकालयीय विधि अपनाइएको थियो । यसैको आधारमा चित्रको सैद्धान्तिक आधार खडा गरिएको थियो । सैद्धान्तिक आधारको स्रोतका रूपमा र शोध्य समस्याको व्याख्या र विश्लेषणका क्रममा पुस्तकालयीय विधिको उपयोग गरिएको थियो ।

शोधकार्यलाई प्रभावकारी र तथ्यपूर्ण बनाउनका लागि शोध निर्देशक र अन्य विशेषज्ञहरूका सुझावका आधारमा सामग्रीलाई आवश्यक सल्लाह लिइएको थियो । त्यसपछि शोधकार्यको उद्देश्यअनुरूप सङ्कलित सामग्रीलाई उपशीर्षकअनुसार विश्लेषण गरिएको थियो । वर्णनात्मक विधिको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको थियो र अन्त्यमा निष्कर्ष निकाली सोही आधारमा सुझावसमेत प्रस्तुत गरिएको थियो ।

शोध निष्कर्ष

यस शोधको निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- कक्षा चारको **मेरो नेपाली** पुस्तकमा जम्मा ५४ ओटा चित्रहरू रहेका छन् । विषयवस्तुगत हिसाबले केही चित्रहरू नमिलेको त्यसबाहेक अरु सबै चित्रहरू उपयुक्त र विषयवस्तु सुहाउँदो देखिन्छ ।

- आवश्यकताका दृष्टिले कुनै पाठमा आवश्यकीय चित्रहरू देखाइएको पाइँदैन भने केही पाठमा चित्रहरू आवश्यकताभन्दा धेरै राखिएको छ ।
- केही पाठहरू चित्रहरू नै राखिएका छैनन ।
- रखाइका दृष्टिले हेर्दा पाठ केही पाठहरू अनुपयुक्त छन् । कुनै पाठमा सुरुमै चित्र राखिएको छ, कुनै पाठमा प्रसङ्गअनुरूप राखिएको छैन । त्यस्तै कुनै पाठमा पनि विषयवस्तुसँग मिल्ने गरी सन्दर्भानुसार राखिएको छैन । अन्य सबै चित्रहरू रखाइको दृष्टिले उपयुक्त र सान्दर्भिक नै देखिन्छ ।
- सिकाइका दृष्टिले केही पाठहरूमा भएका चित्रहरू उपयुक्त छैनन् । सिकाइका दृष्टिले पर्याप्त छैनन् ।
- पाठप्रयोजनका दृष्टिले केही पाठहरू पूर्ण रूपमा उपयुक्त रहेको पाइँदैन । सान्दर्भिकताका दृष्टिले कुनै पाठहरू उपयुक्त छैनन् । पाठको विषय र सान्दर्भिकताको अभाव देखिन्छ । यी पाठहरूका चित्रबाहेक अरु सबै चित्रहरू सान्दर्भिक र सन्तुलित छन् ।
- बनोटका दृष्टिले चित्रहरूलाई हेर्दा सबै चित्रहरू श्यामश्वेत छन् । सामान्यत: चित्रहरू स्पष्ट नै छन् । एउटा पाठमा चित्रहरू अस्पष्ट छन् ।
- चित्रहरू छपाइगत कारणले हरेक पाठमा कुनै चित्र मधुरो र कुनै गाढा देखिन्छन् तर सबै किताबमा केही-केही चित्रहरू अस्पष्ट र धमिलो रहेका छन् ।
- लिङ्ग, जाति र भौगोलिकताका आधारमा चित्रहरूलाई हेर्दा पुरुषको चित्रभन्दा महिलाको चित्र कम देखिन्छ । भूगोलमा पहाडको चित्र बनाइएको छ । ब्राह्मण जातिको प्रतिनिधित्व बढी पाइन्छ । लिङ्ग, जाति र भौगोलिकतालाई कक्षा चारको 'मेरो नेपाली' किताबले सन्तुलित रूपमा समेटेको पाइँदैन ।
- चित्रहरूलाई रङ्गीन बनाउनुपर्ने देखिन्छ । माथिल्लो कक्षामा श्यामश्वेत चित्रहरू प्रभावकारी रहे तापनि तल्ला कक्षाहरूमा रङ्गीन चित्रहरू राखिनु पर्दछ जसले विद्यार्थीहरूमा पाठप्रति रोचकता प्रदान गर्दछ ।
- पाठमा समाविष्ट चित्रहरूले पाठ्यविषयको केन्द्रीयतालाई प्रतिनिधित्व गर्न सक्नुपर्ने हुन्छ । यस किताबको पाठमा समाविष्ट कतिपय चित्रहरू विषयवस्तु अनुसार मिलेका छैनन् । केही पाठमा पाठ्यवस्तु अनुरूप चित्र मिलेको छैन ।

- पाठमा विषयवस्तुले नमागेका असान्दर्भिक चित्रहरू राखिनु हुदैन । विषयवस्तुअनुरूप पात्रको भूमिका छुट्याई सन्दर्भ स्पष्ट हुने गरी चित्रहरू राख्नु पर्दछ । त्यसको अभाव छ ।
- चित्रको बनोट राम्रो र उपयुक्त हुँदा वि . . .स्तुको भाव सजिलै व्यक्त हुन्छ । तसर्थ चित्रको बनोटमा विशेष ध्यान दिनुपर्ने हुन्छ । यस किताबमा धेरैजसो चित्रहरू बनोटका दृष्टिले अनुपयुक्त छन् ।
- केही चित्रहरू शब्द मात्रै भएका आधारमा राखिएका छन् । समग्र पाठलाई समेट्ने वा प्रसङ्गलाई समेट्ने चित्रहरू राखिएका छैनन् ।
- किताबमा सम्पूर्ण पाठहरूमा चित्रकारद्वारा कोरिएका चित्रहरू राखिएको छ तर एउटा पाठमा एउटा फोटो चित्र राखिएको छ । लिङ्ग, जाति, भौगोलिकताका दृष्टिले पाठ्यपुस्तकमा भएका चित्रले समेटेको पाइँदैन ।

विषय सूची

परिच्छेद एक

शोध परिचय १

१.१. शोध शीर्षक १

१.२. शोध प्रयोजन १

१.३. समस्या कथन १

१.४. उद्देश्य २

१.५. पूर्वकार्यको समीक्षा ३

१.५.१. पाठ्यपुस्तक ३

१.५.२. शोधपत्र ५

१.६. शोधको औचित्य ६

१.७. शोधकार्यको सीमा ६

१.८. शोध विधि ७

१.९. शोधको रूपरेखा ७

परिच्छेद-दुई

चित्रको सैद्धान्तिक परिचय ८

२.१. परिचय ८

२.२. परिभाषा ९

२.३. नेपाली चित्रकलाको इतिहास १०

२.४. चित्रको प्रयोजन र महत्त्व ११

२.५. विभिन्न आधारमा चित्रको अध्ययन १३

२.५.१. चित्रको आवश्यकता १३

२.५.२. चित्रको रखाइ १३

२.५.३. विषयवस्तु १३

२.५.४. पाठ प्रयोजन १४

२.५.५. सान्दर्भिकता १४

२.५.६. बनोट १४

परिच्छेद-तीन

चित्रहरूको अध्ययन विश्लेषण

३.१. परिचय
३.२. गाउँछ गीत नेपाली
३.२.१. विषयवस्तु र चित्र
३.२.२. चित्रको आवश्यकता
३.२.३. चित्रको रखाइ
३.२.४. पाठ प्रयोजन
३.२.५. सान्दर्भिकता
३.२.६. बनोट
३.२.७. सारांश
३.३. धनको घमण्ड
३.३.१. विषयवस्तु र चित्र
३.३.२. चित्रको आवश्यकता
३.३.३. चित्रको रखाइ
३.३.४. पाठ प्रयोजन
३.३.५. सान्दर्भिकता
३.३.६. बनोट
३.३.७. सारांश
३.४. बचत गर्ने बानी
३.४.१. विषयवस्तु र चित्र
३.४.२. चित्रको आवश्यकता
३.४.३. चित्रको रखाइ
३.४.४. पाठ प्रयोजन
३.४.५. सान्दर्भिकता
३.४.६. बनोट
३.४.७. सारांश
३.५. नौलाख तारा
३.५.१. विषयवस्तु र चित्र
३.५.२. चित्रको आवश्यकता
३.५.३. चित्रको रखाइ
३.५.४. पाठ प्रयोजन
३.५.५. सान्दर्भिकता
३.५.६. बनोट
३.५.७. सारांश

१५
१५
१५
१५
१५
१६
१६
१६
१६
१७
१७
१७
१८
१८
१८
१८
१९
१९
१९
२०
२०
२०
२०
२१
२१
२१
२१
२२
२२
२२
२२

३.६. नीमको पात २२
३.६.१. विषयवस्तु र चित्र २३
३.६.२. चित्रको आवश्यकता २३
३.६.३. चित्रको रखाइ २४
३.६.४. पाठ प्रयोजन २४
३.६.५. सान्दर्भिकता २४
३.६.६. बनोट २४
३.६.७. सारांश २४
३.७. बाग्मती नदी २५
३.७.१. विषयवस्तु र चित्र २५
३.७.२. चित्रको आवश्यकता २५
३.७.३. चित्रको रखाइ २६
३.७.४. पाठ प्रयोजन २६
३.७.५. सान्दर्भिकता २६
३.७.६. बनोट २६
३.७.७. सारांश २७
३.८. विहेको निम्तो २७
३.८.१. विषयवस्तु र चित्र २७
३.८.२. चित्रको आवश्यकता २७
३.८.३. चित्रको रखाइ २७
३.८.४. पाठ प्रयोजन २८
३.८.५. सान्दर्भिकता २८
३.८.६. बनोट २८
३.८.७. सारांश २८
३.९. दाजुभाइ र बूढाबा २९
३.९.१. विषयवस्तु र चित्र ३०
३.९.२. चित्रको आवश्यकता ३०
३.९.३. चित्रको रखाइ ३०
३.९.४. पाठ प्रयोजन ३०
३.९.५. सान्दर्भिकता ३१
३.९.६. बनोट ३१
३.९.७. सारांश ३१
३.१०. स्वस्थ बनौं ३२
३.१०.१. विषयवस्तु र चित्र ३२
३.१०.२. चित्रको आवश्यकता ३२

३.१०.३. चित्रको रखाइ ३२
३.१०.४. पाठ प्रयोजन ३३
३.१०.५. सान्दर्भिकता ३३
३.१०.६. वनोट ३३
३.१०.७. सारांश ३३
३.११. आमा ३३
३.११.१. विषयवस्तु र चित्र ३४
३.११.२. चित्रको आवश्यकता ३४
३.११.३. चित्रको रखाइ ३४
३.११.४. पाठ प्रयोजन ३४
३.११.५. सान्दर्भिकता ३४
३.११.६. बनोट ३४
३.११.७. सारांश ३५
३.१२. बजा लौरी डाङडुङ ३५
३.१२.१. विषयवस्तु र चित्र ३६
३.१२.२. चित्रको आवश्यकता ३६
३.१२.३. चित्रको रखाइ ३६
३.१२.४. पाठ प्रयोजन ३६
३.१२.५. सान्दर्भिकता ३६
३.१२.६. बनोट ३७
३.१२.७. सारांश ३७
३.१३. नरेशको यात्रा ३७
३.१३.१. विषयवस्तु र चित्र ३८
३.१३.२. चित्रको आवश्यकता ३८
३.१३.३. चित्रको रखाइ ३८
३.१३.४. पाठ प्रयोजन ३९
३.१३.५. सान्दर्भिकता ३९
३.१३.६. बनोट ३९
३.१३.७. सारांश ३९
३.१४.पशुपन्छी र हाम्रो कर्तव्य ३९
३.१४.१. विषयवस्तु र चित्र ४०
३.१४.२. चित्रको आवश्यकता ४०
३.१४.३. चित्रको रखाइ ४१
३.१४.४.पाठ प्रयोजन ४१
३.१४.५. सान्दर्भिकता ४१

३.१४.६. बनोट ४१
३.१४.७. सारांश ४१
३.१५. पाप लाग्छ ४२
३.१५.१. विषयवस्तु र चित्र ४२
३.१५.२. चित्रको आश्यकता ४२
३.१५.३. चित्रको रखाइ ४२
३.१५.४. पाठ प्रयोजन ४२
३.१५.५. सान्दर्भिकता ४३
३.१५.६. बनोट ४३
३.१५.७. सारांश ४३
३.१६. पछुतो ४३
३.१६.१. विषयवस्तु र चित्र ४४
३.१६.२. चित्रको अवश्यकता ४४
३.१६.३. चित्रको रखाइ ४४
३.१६.४. पाठ प्रयोजन ४४
३.१६.५. सान्दर्भिकता ४४
३.१६.६. बनोट ४५
३.१६.७. सारांश ४५
३.१७. बाल बालिकाको अधिकार ४५
३.१७.१. विषयवस्तु र चित्र ४६
३.१७.२. चित्रको आवश्यकता ४६
३.१७.३. चित्रको रखाइ ४६
३.१७.४. पाठ प्रयोजन ४६
३.१७.५. सान्दर्भिकता ४७
३.१७.६. बनोट ४७
३.१७.७. सारांश ४७
३.१८. लक्ष्य ४७
३.१८.१. विषयवस्तु र चित्र ४८
३.१८.२. चित्रको आवश्यकता ४८
३.१८.३. चित्रको रखाइ ४८
३.१८.४. पाठ प्रयोजन ४८
३.१८.५. सान्दर्भिकता ४८
३.१८.६. बनोट ४९
३.१८.७. सारांश ४९
३.१९. सत्यकामको अठोट ४९

३.१९.१. विषयवस्तु र चित्र ५०
३.१९.२. चित्रको आवश्यकता ५०
३.१९.३. चित्रको रखाइ ५०
३.१९.४. पाठ प्रयोजन ५१
३.१९.५. सान्दर्भिकता ५१
३.१९.६. बनोट ५१
३.१९.७. सारांश ५१
३.२०. आधुनिक सञ्चार ५२
३.२०.१. विषयवस्तु र चित्र ५२
३.२०.२. चित्रको आवश्यकता ५२
३.२०.३. चित्रको रखाइ ५३
३.२०.४. पाठ प्रयोजन ५३
३.२०.५. सान्दर्भिकता ५३
३.२०.६. बनोट ५३
३.२०.७. सारांश ५३

परिच्छेद-चार

लिङ्ग, जाति तथा भौगोलिकताका आधारमा चित्रहरूको विश्लेषण ५४
४.१. परिचय ५४
४.२. पाठगत आधारमा विश्लेषण ५४

परिच्छेद-पाँच

निष्कर्ष र सुझाव ५९
५.१. निष्कर्ष ५९
५.२. सुझाव ६०
५.३. सम्भावित शोध शीर्षकहरू ६१

सन्दर्भ सामग्री सूची

सङ्क्षेपीकृत शब्द सूची

अप्र.	-	अप्रकाशित
उप प्रा.	-	उप प्राध्यापक
डा.	-	डाक्टर
नि.मा.वि.	-	निम्न माध्यमिक विद्यालय
नेपा.शि.	-	नेपाली शिक्षा
ने.भा.शि.वि.	-	नेपाली भाषा शिक्षा विभाग
वि.सं.	-	विक्रम संवत्
सह प्रा.	-	सह प्राध्यापक
सं.	-	संस्करण
त्रि.वि.वि.	-	त्रिभुवन विश्वविद्यालय

परिच्छेद एक

शोध परिचय

१.१. शोध शीर्षक

यस शोधको शीर्षक '**भाषा शिक्षणका दृष्टिले कक्षा चारको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरुको अध्ययन विश्लेषण**' रहेको छ ।

१.२. शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा शिक्षण विभागअन्तर्गत नेपाली पाठ्यक्रमको स्नातकोत्तर तहको (एम.एड्.) दोस्रो वर्षको नेपा शि. ५९८ पत्रको प्रयोजन पूर्तिका लागि तयार पारिएको छ ।

१.३. समस्या कथन

भाषा मानवीय वस्तु हो । भाषा विचार विनिमयको सशक्त माध्यम पनि हो । भाषाको आर्जन घरपरिवार र समाजबाट स्वतः प्राप्त गर्न सकिन्छ भने औपचारिक शिक्षाबाट पनि भाषा आर्जन गर्न सकिन्छ । नेपाल एक बहुभाषिक देश हो । यहाँ झण्डै एक सय भन्दा बढी भाषा भाषिकाहरू बोलचाल गरिन्छ । यीमध्ये नेपाली नेपालको राष्ट्र भाषा हो र सरकारी कामकाजको भाषा पनि हो । त्यसैले नेपाली भाषा सबै नेपालीले सिक्नु आवश्यक छ । नेपाली भाषाको शुद्ध र स्तरीय प्रयोगका लागि औपचारिक शिक्षणको आवश्यकता पर्दछ । यसका लागि विभिन्न विद्यालय र विश्वविद्यालयका पाठ्यक्रममा नेपाली भाषालाई अनिवार्य विषयका रूपमा समावेश गरिएको छ । ती विद्यालय र विश्वविद्यालयमा समावेश गरिएका भाषापाठ्यक्रम र पाठ्यपुस्तकका माध्यमबाट विद्यार्थीहरूमा विषयगत ज्ञानका साथसाथै भाषिक सीपको विकास गर्ने लक्ष्य राखिएको हुन्छ । त्यसका लागि भाषापाठ्यक्रम र पाठ्यपुस्तकमा विभिन्न विषयवस्तु र सामग्री राखिएको हुन्छ । ती विषयवस्तु तथा सामग्री पाठ्यक्रमको लक्ष्य तथा विद्यार्थीहरूको रुचि, क्षमता र योग्यताअनुरूप हुनुपर्छ । त्यो भए नभएको थाहा पाउन विस्तृत अध्ययन अनुसन्धान हुनु आवश्यक छ । भाषाशिक्षणको महत्त्वपूर्ण सामग्री पाठ्यपुस्तक हो । यो आन्तरिक र बाह्य दुवै रूपमा उपयुक्त हुनुपर्छ ।

चित्रहरू भाषाशिक्षणमा व्यापक प्रयोगमा आउने सामग्री हुन् । त्यसैले भाषा पाठ्यपुस्तकमा उपयुक्त किसिमले चित्रहरू समावेश गरेमा पाठ्यसामग्री रोचक, मनोरञ्जनात्मक र आकर्षक हुन्छ ।

भाषा पाठ्यपुस्तकमा भाषिक सीप, विषयगत ज्ञान र धारणा दिन सहयोगी हुने किसिमका चित्रहरूको व्यवस्था गरिएको हुनुपर्छ । त्यसमा पनि प्राथमिक तहका भाषा पाठ्यपुस्तकमा माथिल्ला तहका भाषा पाठ्यपुस्तकमा भन्दा चित्रको महत्त्व बढी देखिन्छ । उपयुक्त चित्रको छनोट गरी पाठ्यपुस्तकमा समावेश गरेमा पठनपाठन गर्दा विद्यार्थीहरूमा कुनै पनि नवीन विषयवस्तु वा दृश्यावलीहरू सम्बन्धी धारणा बसाल्न, वर्णनात्मक क्षमता विकास गर्न, उपयुक्त सन्दर्भहरू सिर्जना गर्न, शब्द, अर्थ र व्याकरणका नियमहरूको धारणा बसाल्न, खास वातावरणको कुनै दृश्य दृश्यावली प्रस्तुत गरी सिकाइलाई अर्थपूर्ण र स्थायी बनाउन चित्रले प्रभावकारी भूमिका खेल्दछन् । हजारौँ शब्दमा बयान गरेर पनि अर्थ र धारणा प्रष्ट पार्न नसकिने कुरा एउटै चित्रका माध्यमले सजिलैसँग प्रष्ट पारी धारणको विकास गर्न मद्दत पुऱ्याउछ । चित्रहरूको सहयोगबाट भाषा सिकाइ रूचिपूर्ण हुने भएपनि यसप्रति त्यति ध्यान दिइएको पाइदैन । अतः विद्यार्थीहरूको रुचि, क्षमता र स्तरलाई ख्याल गरी शिक्षण गर्न उपयुक्त चित्रहरूको छनोट गरी शिक्षण गर्न सकेका खण्डमा सिकाइको प्रभावकारिता बढ्ने कुरा पक्का छ । '**भाषाशिक्षणका दृष्टिले कक्षा चारको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन विश्लेषण**' गर्दा देखापरेका समस्याहरू यसप्रकार रहेको छन् :

१) चित्र के हो र यसलाई भाषा पाठ्यपुस्तकमा किन राखिन्छ ?

२) प्रस्तुत पाठ्यपुस्तकमा के कस्ता चित्रहरू राखिएको छ ?

३) उक्त चित्रहरू बालबालिकाहरूलाई भाषा सिकाउन के-कति सहयोगी छन् ?

४) पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरू विषयानुकूल, स्तरयुक्त र सान्दर्भिक छन् कि छैनन् ?

१.४. उद्देश्य

उद्देश्यबिना कुनै पनि कार्य सम्पन्न गर्न सकिदैन । कुनै पनि कार्य गर्नु पूर्व नै उद्देश्य निर्धारण गर्नुपर्छ तब मात्र काम सफल रूपमा सम्पन्न गर्न सकिन्छ । त्यस्तै विभिन्न तथ्यहरू पत्ता लगाउनका लागि गरिएको अध्ययन अनुसन्धानमा पनि निश्चित उद्देश्यहरू लिइएका हुन्छन् । तिनै उद्देश्यहरू प्राप्तिका लागि अनुसन्धानकर्ता निरन्तर रूपमा लागि परेका हुन्छन् । '**भाषाशिक्षणका दृष्टिले कक्षा चारको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन विश्लेषण**'का उद्देश्यहरू यसप्रकार रहेका छन् :

१) भाषाशिक्षणका दृष्टिले कक्षा चारको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको विभिन्न आधारबाट अध्ययन विश्लेषण गर्ने ।

२) चित्रहरूको माध्यमबाट हुने शिक्षण सिकाइको प्रभावकारिता पत्ता लगाउने ।

३) पाठ्यपुस्तकका पाठहरूमा राखिएका चित्रहरूको विषयानुकूलता, स्तरयुक्तता र सान्दर्भिकता पहिल्याउने ।

४) कक्षा चारको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूका बारेमा सुझाव दिनु ।

१.५. पूर्वकार्यको समीक्षा

कुनै पनि विषयमा शोधकार्य गर्नु पूर्व सम्बन्धित क्षेत्रमा के कस्ता अध्ययन अनुसन्धान भएका छन् भनी अध्ययन वा समीक्षा गर्नु आवश्यक हुन्छ र प्राप्त निष्कर्षका आधारमा मात्र शोधकार्यलाई अगाडि बढाउन सकिन्छ । चित्रकलाको सुरुवात कहिलेदेखि भयो भन्ने यकिन प्रमाण फेला नपरे पनि नेपालमा चित्रकलाको सुरुवात धार्मिक भावनाबाट भएको देखिन्छ । वास्तुकलाको विकासका लागि लिच्छिविकाल र चित्रकलाको विकासका लागि मल्लकाल महत्त्वपूर्ण मानिन्छ । प्राचीन समयबाटै घरका भित्तामा, गुफामा, भोजपत्रमा, विभिन्न ग्रन्थहरूमा चित्रहरू लेख्ने प्रचलन रहिआएको देखिन्छ । कलाका विभिन्न विधाहरू माझ चित्रकला पनि एक सशक्त विधाका रूपमा देखापरेको छ ।

चित्रकलाका बारेमा अध्ययन अनुसन्धानको कार्य पहिले देखि हुदैँ आए पनि भाषा पाठ्यपुस्तकमा चित्र किन राखिन्छ ? भाषा पाठ्यपुस्तकमा चित्रको के महत्त्व रहेको छ ? आदिका बारेमा त्यति धेरै अनुसन्धान भएको पाइदैन तर पनि पाठ्यपुस्तकमा चित्रहरू समावेश गर्ने कार्य पहिलेदेखि नै हुदै आएको छ । पाठ्यपुस्तकमा चित्रको बारेमा भएका खोज तथा अनुसन्धानहरू यसप्रकार रहेका छन् :

१.५.१. पाठ्यपुस्तक

१. ज्यापूले 'चित्रकला विधान' (२०३३: भूमिका) मा चित्रकला सबैभन्दा श्रेष्ठ छ । यसले धर्म, अर्थ, काम, तथा मोक्ष दिन्छ । जुन घरमा यसको प्रतिष्ठा हुन्छ त्यहाँ मंगल हुन्छ भनेका छन् ।

२. सिंहद्वारा लिखित 'समसामयिक नेपाली चित्रकलाको इतिहास' (२०३३ : ४५) पुस्तकमा नेपाली चित्रकलाको इतिहास र विकासक्रमको बारेमा चर्चा गरिएको छ । जङ्गबहादुरको बेलायत यात्रालाई आधार मानेर हेर्दा बेलायत जानुपूर्वको समय अज्ञातकाल, त्यसपछि पूर्वकाल, मध्यकाल र उत्तरकाल गरी चित्रकलाको काल विभाजन गर्ने प्रयास गरिएको छ ।

३. वाङ्गदेलद्वारा लिखित 'प्राचीन नेपाली मूर्तिकला र चित्रकला'(२०३४:२५) पुस्तकमा मूर्तिकलाले राष्ट्रलाई विभिन्न दृष्टिकोणबाट फाइदा पुऱ्याएको हुन्छ । कलाको विभिन्न निकायबाट संरक्षण हुनुपर्छ भनिएको छ ।

४. पौड्यालद्वारा लिखित 'नेपाली मूर्तिकला र चित्रकला' (२०५७ :२३४) पुस्तकमा कला त्यस्तो कार्य हो जुन लाटो मानिसले पनि राम्रोसँग बुझ्न र गर्न सक्तछ भनेर भनेकी छन् ।

५. अधिकारीद्वारा लिखित 'समसामयिक नेपाली कला र केही कलाकार' आकृति (वर्ष २, अंक ३, पूर्णाङ्क २ (२०५८:२७) लेखमा २००७ पछि मात्र नेपाली कलाको विकास तीव्र रूपमा भएको भनेका छन् । २००७ पछि नै कलाकारहरूमा कलाकै माध्यमबाट देशलाई अन्तराष्ट्रिय स्तरमा चिनउन सकिन्छ भन्ने धारणाको विकास हुन थालेको कुरा उल्लेख गरिएको छ ।

६. घलेद्वारा लिखित 'कला र जीवन' (२०६०:३७) पुस्तकमा जीवनजगतका यथार्थ कुराहरू चित्रमा उतारिएका हुन्छन् तथा कलाको माध्यमद्वारा मनोरञ्जन पनि प्राप्त हुन्छ भनिएको छ ।

७. शर्मा एण्ड शर्माको संयुक्त लेखनमा प्रकाशित 'पाठ्यक्रम योजना र अभ्यास'(२०६१: ४०६) पुस्तकमा चित्रको प्रयोगले विद्यार्थीहरूलाई सजिलोसँग धारणा बसाल्न सकिने हुनाले चित्रको प्रयोग महत्त्वको विषय हो भनिएको छ ।

८. ढकालको 'भाषाशिक्षण परिचय र प्रयोग' (२०६४ : ५२) पुस्तकमा पाठ्यपुस्तकको अर्को विशेषता भन्नुनै चित्रको प्रयोग हो । वास्तविक वस्तु ल्याउन नसक्ने अवस्थामा चित्रको प्रयोग 'अड्को पड्को तेलको धुप' वा 'नहुनु मामाभन्दा कानो मामा जाति' भनिएको छ ।

९. दयाराम श्रेष्ठहरूको समूहबाट प्रकाशित 'नेपाली किताब' (२०६४) पुस्तकमा कक्षा १० को मिथिला चित्रकला भन्ने पाठमा चित्रहरू आर्थिक विकासका स्रोत पनि हुन सक्छन् । चित्रहरूको राम्ररी विकास गर्न सकेको खण्डमा पर्यटक आकर्षणको केन्द्र बन्न सक्ने अनि शिक्षणमा चित्रको प्रयोग भयो भने सिकाइ प्रभावकारी र दिगो बन्छ भनिएको छ ।

१०. शर्मा र पौड्यालको संयुक्त लेखनमा प्रकाशित 'नेपाली भाषा र साहित्य शिक्षण' (२०६६:२८३) पुस्तकमा वास्तविक वस्तु र प्रतिमूर्तिको उपयोग गर्न नसकिने स्थितिमा चित्रहरू निर्विकल्प शिक्षण सामग्री हुन्छन् भनिएको छ ।

१.५.२. शोधपत्र

१. घिमिरे (रिमाल) द्वारा लिखित 'प्राथमिक कक्षा १, २, ३ का नेपाली भाषा पाठ्यपुस्तकमा राखिएका चित्रहरूको अध्ययन'(२०५३)शोधपत्रमा चित्रको प्रयोगबाट विद्यार्थीहरूले छिटो बुझ्ने अनि शिक्षकलाई अध्यापन कार्य गर्न सजिलो हुन्छ भनिएको छ ।

२. खनालले 'कक्षा ५मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन' (२०५४) शोधपत्रमा भाषिक सीप र भाषातत्त्व शिक्षण गर्दा चित्रलाई प्रयोग गर्न सकिन्छ भनिएको छ ।

३. खड्काद्वारा लिखित 'कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन' (२०५९) शोधपत्रमा चित्रहरू भएपछि विषयवस्तु आफै बोलेको हुन्छ । चित्रले वस्तुको वर्णन र विश्लेषण कार्य गर्न सजिलो हुन्छ भनिएको छ ।

४. बस्नेतद्वारा लिखित 'कक्षा सातको हाम्रो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन'(२०५९) शोधपत्रमा चित्रहरूको प्रयोगले भाषा शिक्षणलाई सरल, सहज बनाउने कुरा उल्लेख गरिएको छ ।

५. तामाङद्वारा लिखित 'कक्षा ५ को मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन' (२०६५) शोधपत्रमा चित्रलाई पाठ्यपुस्तकमा समावेश गरिनुपर्छ । पाठ्यपुस्तकभित्र समावेश गरिएका चित्रहरूको अध्ययन सीमित रूपले मात्रै भएको देखिन्छ । चित्रका सम्बन्धमा पाठ्यपुस्तक तयार पार्ने निकाय नै स्पष्ट नभएको देखिन्छ भनिएको छ ।

पाठ्यपुस्तकहरूमा चित्रहरू राख्ने प्रचलन पहिले देखिनै भए तापनि भाषाशिक्षणमा चित्रको प्रयोग किन गर्ने ? यसको प्रयोजन के छ ? भन्ने सम्बन्धमा खासै अध्ययन भएको पाइएन । यसरी विभिन्न कक्षाका नेपाली पाठ्यपुस्तकमा राखिएका चित्रहरूको अध्ययन अनुसन्धान भएतापनि कक्षा चारको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन कसैले पनि नगरेकोले यस विषयमा अध्ययन गर्न आवश्यक ठानिएको हो । माथिका कुराहरूको अध्ययन गर्दा चित्र भन्नाले कुनै वस्तुको प्रतिकृति वा मोडेल हो जुन अध्ययन अध्यापन प्रक्रियामा अत्यन्तै महत्त्वपूर्ण र अपरिहार्य देखिन्छ । यसको सहयोगले शिक्षण गर्दा शिक्षकलाई बुझाउन सजिलो र विद्यार्थीलाई बुझ्न सजिलो हुने निश्चित छ ।

१.६. शोधको औचित्य

राष्ट्रको उन्नतिको आधार भनेको शिक्षा हो । गुणस्तरीय शिक्षाको लागि विद्यालयीय शिक्षालाई प्रभावकारी बनाउँदै लैजानु पर्छ । त्यसका लागि हरेक क्रियाकलापमा ध्यान दिनु आवश्यक छ । यसका लागि भाषा पाठ्यपुस्तकमा चित्रहरू राख्नु आवश्यक छ । भाषा पाठ्यपुस्तकमा चित्रहरू निम्नलिखित दृष्टिले राखिन्छन् :

पाठले भन्न खोजेको कुरालाई चित्रका माध्यमले सजिलै र स्पष्टसँग भन्न सकिन्छ । अझ बालबालिकाको मानसपटलमा त चित्रले निकै गहिरो छाप छाड्दछन् । एक वस्तुसँग अर्को वस्तुको तुलना गर्न पनि चित्रको महत्त्व रहेको हुन्छ । सिकारुलाई सिक्ने प्रेरणा प्रदान गर्न चित्रहरूको आवश्यकता रहेको हुन्छ । यसर्थ उपयुक्त कुराहरूलाई नियाल्दा कक्षा चार का बालबालिकाहरूको भाषा पाठ्यपुस्तकमा चित्रहरू राखिनु र चित्रको सहयोगबाट सिकाइ प्रक्रिया अघि बढाउनु औचित्यपूर्ण देखिन्छ ।

यस शोधको औचित्य र महत्त्व यसप्रकार रहेका छन् :

क) यस अध्ययनबाट पाठ्यपुस्तकमा राखिएका चित्रहरूको अध्ययन हुने हुँदा शिक्षक, अभिभावक र विद्यार्थीहरूलाई सहयोग पुग्न सक्ने देखिएको हुँदा अध्ययनको आवश्यकता रहेको छ ।

ख) यस अध्ययनबाट पाठ्यपुस्तकमा समावेश गरिएका विभिन्न प्रकारका चित्रहरूमा रहेका कमी कमजोरीहरू हटाउन सहयोग पुगेको छ ।

ग) यस अध्ययनबाट प्राप्त निष्कर्ष हेरी पाठ्यपुस्तक निर्माता र लेखकहरूलाई अघि बढ्न प्रेरणा मिल्ने हुँदा यस शोधपत्रको महत्त्व रहेको छ ।

१.७. शोधकार्यको सीमा

प्रस्तुत शोधपत्रमा नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा निर्माण गरिएको र जनक शिक्षा सामग्री केन्द्र लिमिटेडद्वारा मुद्रण गरिएको कक्षा चारको मेरो नेपाली किताबभित्र रहेका चित्रहरूको भाषाशिक्षणका दृष्टिले अध्ययन गर्नु रहेको छ । यस भाषा पाठ्यपुस्तकभित्र समाविष्ट रहेका चित्रहरूको अध्ययन गर्दा ती चित्रको आवश्यकता, रखाइ, विषयवस्तु, पाठ प्रयोजन, सान्दर्भिकता र वनोटका आधारमा विश्लेषण गरिएको छ ।

१.८. शोध विधि

यस शोधकार्यका लागि निम्नलिखित विधिहरू प्रयोग गरिएको छ :

क) व्याख्या विश्लेषण विधिलाई आधार मानिएको छ ।

ख) पुस्तकालयीय अध्ययन पद्धति अँगालिएको छ ।

ग) प्रत्येक पाठमा समावेश गरिएका चित्रहरूको विश्लेषण गर्दा चित्रहरूको आवश्यकता, रखाइ, विषयवस्तु, पाठप्रयोजन, सान्दर्भिकता तथा वनोटलाई व्याख्या र विश्लेषणको आधार बनाइएको छ ।

१.९. शोधको रूपरेखा

१. परिच्छेद एक : शोध परिचय

२. परिच्छेद दुई : चित्रको सैद्धान्तिक परिचय

३. परिच्छेद तीन : चित्रहरूको विश्लेषण

४. परिच्छेद चार : लिङ्ग, जाति तथा भौगोलिकताका आधारमा चित्रहरूको विश्लेषण

५. परिच्छेद पाँच : निष्कर्ष र सुझाव

सन्दर्भ सामग्री सूची

परिच्छेद दुई

चित्रको सैद्धान्तिक परिचय

२.१. परिचय

हजार शब्दले व्यक्त गर्ने भाव एक चित्रमार्फत सजिलै बुझ्न सकिन्छ भन्ने भनाइ पाइन्छ । यसबाटै चित्रकलाको महत्त्व र उपयोगिता बुझ्न सकिन्छ । चित्रकला ललितकलाको एक उत्कृष्ट विधा हो । मानिसको सभ्यताको सुरूवातदेखि नै कलाको सुरूआत भएको देखिन्छ । चित्रकलाको उत्पत्तिका सम्बन्धमा विचार गर्दा प्राचीन समयका शिकारीहरूले आफू बस्ने गुफाको भित्तामा केही कोर्दाकोर्दै पछि त्यसले नै चित्रको रूप लिएको देखिन्छ । यसैगरी गुफाका भित्तामा प्राकृतिक रूपमै कोरिएका रेखाहरूमा प्राचीन समयका मानिसले कुनै धर्सो र थोप्ला बनाउँदा कुनै जनावर वा चराचुरूङ्गीको रूप-आकार सहजै आएको अनुमान गर्न सकिन्छ । (पौड्याल, २०५७ : २३६)

विश्व सभ्यताको इतिहास अध्ययनबाट कलाको प्रारम्भ सर्वप्रथम धार्मिक भावनाबाटै भएको थियो । यस तथ्यका अनुरूप नेपाली कलाको प्रारम्भ पनि धार्मिक भावनाबाटै भएको छ । हाम्रा कलाकारहरू बाह्य आँखाले देखेको भन्दा भित्री आँखाले देखेको कुरामा जोड दिन्थे । त्यसै हुनाले नेपाली ग्रन्थ चित्र, पौवा चित्रमा प्राकृतिक दृश्यभन्दा देवदेवीकै चित्रहरू कोरिएका छन् । नेपाली चित्रहरू अतियथार्थताको कम निकट छन् । हाम्रो धार्मिक परम्परामा चित्रकलाको महत्त्व पूर्णत: कलात्मक दृष्टिकोणले मात्र नलिईकन त्यसको व्यावहारिकतामा पनि जोड दिएको देखिन्छ । धेरैजसो चाडपर्वमा लेखिने भित्ते चित्रमा कलाकारको कलात्मक जिज्ञासाभन्दा व्यावहारिक महत्त्व नै बढी हुन्छ । हाम्रो समाजमा चित्रकलालाई रोगको उपचारको साधन समेत भन्ने गरेको पाइन्छ । खटिरा आउँदा जीउमा सेतो सिंह बनाउने प्रचलन समेत पाइन्छ । त्यस्तै नेपाली चित्रकलाको प्रारम्भको पछाडि विभिन्न सामाजिक संस्कारहरूको पनि ठूलो भूमिका छ ।

यसरी नेपाली चित्रकलालाई तीन किसिमका स्रोतहरूबाट अध्ययन गर्न सकिन्छ :

ग्रन्थचित्रहरू- विभिन्न खालका ग्रन्थहरूमा कोरिएका चित्रहरू ।

भित्तेचित्रहरू- विभिन्न भवनहरूको पर्खाल वा भित्तामा कोरिएका चित्रहरू, लिच्छिवी कालको कैलाशकुट भवनमा समेत भित्तेचित्रहरू थिए भन्ने चिनियाँ यात्रीको वर्णनबाट झल्कन्छ ।

पौवाचित्रहरू- छापिएको वा कागजहरूमा बुट्टा भरिएको र बुनिएका चित्रहरू। राजाले आफ्नो छोराको मृत्यु भएपछि यमराजसँग टक्कर लिन खोज्दा ब्रह्माले मृत बालकको चित्र बनाएर जीवनदान दिने बताएका थिए ।

चित्रमा गहन भाव लुकेको हुन्छ । चित्रहरू मूर्त र अमूर्त हुन्छन् । मूर्त चित्रले प्रष्ट एकै रूपलाई मात्र बोलेको हुन्छ भने अमूर्त चित्रले भने विभिन्न भाव सम्प्रेषण गरेको हुन्छ । यसरी निश्चय पनि एउटा सुन्दर कलाकृतिले सबै वर्ग, उमेर समूहका मानिसहरूलाई हृदयस्पर्शी सौन्दर्यता प्रदान गर्न सफल हुन्छ ।

२.२. **परिभाषा**

चित्रलाई विभिन्न विद्वानहरूले आ-आफ्नै तरिकाले परिभाषित गरेका पाइन्छन् । केही विद्वानहरूको परिभाषालाई तल उल्लेख गरिएको छ :

चित्र- (ना.) चित्र, तस्वीर, आलेख्य, चित्रमा प्रदर्शन गर्न, अति चित्ताकर्षक वर्णन गर्नु वा कल्पना गर्नु ।

- अङ्ग्रेजी, नेपाली साझा संक्षिप्त शब्दकोश

लेखेर, कोरेर वा खिचेर बनाएको कुनै-कुनै वस्तुको रूप, आकृति, तस्वीर र फोटोलाई चित्र भनिन्छ ।

- शब्दसागर (२०५०)

चित्रको अर्थ तस्वीर-छापा, फोटो, चित्रपट, प्रतिभा छवि हो ।

- नेपाली बृहत् शब्दकोश (२०४०)

कागज, कपडा आदिमा विभिन्न रङ्गले रेखा कोरी बनाइएको कलाकृति, चित्र बनाउने कला चित्रकला हो ।

- प्रयोगात्मक नेपाली शब्दकोश (२०६१)

रेखा वा रङ्गद्वारा बनेका कुनै वस्तुको आकृति कुनै वस्तुको त्यो प्रकृति, जुन कुनै कथन विवेचना, विवरण आदिलाई स्पष्ट गर्नका लागि चित्र उपस्थित गरिन्छ ।

- राष्ट्रिय नेपाली शब्दकोश (२०६३)

चित्र एउटा मानिसभित्र रहेको अनुभूतिहरू व्यक्त गर्ने सशक्त साधन हो ।

- पूर्णदास मानन्धर

माथिका परिभाषाहरूलाई हेर्दा सजिलै भाव सम्प्रेषण गर्न सक्ने दृश्यात्मक साधन जुन अत्यन्त रोचक र आकर्षक हुन्छ, त्यसलाई चित्र भनिन्छ । चित्र सादा र रङ्गीन दुवै हुन्छन् । श्यामश्वेत चित्रभन्दा रङ्गीन चित्र बढी आकर्षक हुन्छन् तर खर्चिला हुन्छन् ।

२.३. नेपाली चित्रकलाको इतिहास

हरेक देशका आ-आफ्नै भाषाहरू छन् । ती भाषाका आ-आफ्नै विशेषताहरू हुन्छन् । नेपाली भाषाको पनि आफ्नै इतिहास र विकासक्रम छ । संस्कृत भाषाबाट पाली र अपभ्रंश हुँदै नेपाली भाषाको जन्म हुन पुग्यो । भानुभक्तको समयको नेपाली भाषा र वर्तमान समयको नेपाली भाषामा प्रशस्त भिन्नताहरू पाइन्छन् । भाषा सँगसँगै चित्रकलाको विकासक्रम पनि अघि बढेको पाइन्छ । माटाका भाँडाकुँडा, काठ, ताडपत्र, भोजपत्रदेखि लिएर कपडा, धातु तथा कागजसमेत चित्र कोर्ने माध्यमका रूपमा पुराना नेपाली कलाकारहरूले प्रस्तुत गरेको पाइन्छ । प्राचीन नेपाली चित्रकलामा भारतीय चित्र परम्पराजस्तै धार्मिक विषयवस्तुमा आधारित सौन्दर्य, श्रृङ्गार एवम् अलङ्कारमय प्रस्तुतीकरण नै पाइन्छ ।

प्रमाणिकता खोज्दै जाँदा पाँचौं शताब्दीदेखिको नेपालको इतिहास स्पष्ट भएको छ । मानदेवको चाँगुनारायणको सम्वत् ३८६ को अभिलेख (अर्थात् सन् ४६४)को अभिलेख नै नेपालको सबभन्दा पूरानो अभिलेख हो (भट्टराई, २०६२:५) । हुन त यसभन्दा अगाडि किराँतकाल र लिच्छिवीकालमा पनि चित्र बनेका थिए तर चित्रहरूको धरातल कमजोर हुनाको कारण त्यस अघिका चित्रहरू उपलब्ध हुन सकेनन् । आधुनिक युगमा जस्तो चित्रहरूलाई वैज्ञानिक ढङ्गले धेरै कालसम्म राख्ने साधन त्यसबेला थिएनन् ।

नेपाली चित्रकलालाई ताडपत्रमा लेखिएको ग्रन्थचित्र, पौवाचित्र, पटचित्र र भित्तेचित्र (भट्टराई, २०६२:५) गरी तीन भागमा विभाजन गर्न सकिन्छ ।

प्राचीन समयमा धार्मिक ग्रन्थहरूको बीच बीचमा लेखिने चित्रलाई ग्रन्थचित्र भनिन्छ । विशेष गरी ती चित्रहरू प्राचीन समयमै बनाइए । प्राचीन चित्रकलाको प्रारम्भ नै ग्रन्थचित्रबाट भएको हो भन्ने अनुमान पनि गर्न सकिन्छ । त्यस्तै प्राचीन कालमा कागजको आविष्कार नभएको

बेला ताडपत्र वा भोजपत्रमा लेख्ने प्रचलन थियो । ताडपत्र, भोजपत्र र कागजमा लेखिएको त्यस्ता प्राचीन ग्रन्थलाई हस्तलिखित ग्रन्थ भनिन्छ ।

यसरी वर्तमान समयमा पनि ताम्रपत्र लेखन, भित्तेलेखन समेत गर्ने गरेको पाइन्छ । वर्तमान सन्दर्भमा कागजमा चित्रले विशेष स्थान ओगटेको पाइन्छ । विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म साामान्य ज्ञानदेखि पाठ्यपुस्तक, साहित्यिक पुस्तकहरूमा समेत चित्रको प्रयोग र प्रचलन बढेको छ । प्राचीन समयमा धार्मिक ग्रन्थहरूमा चित्रहरू देवी देवता बनाइन्थे भने वर्तमान समयमा देवी देवताभन्दा पनि समयसापेक्ष मान्छेको विशेषता झल्काउने चित्र, प्राकृतिक सुन्दरता झल्कने चित्र जस्ता मूर्त चित्रहरू मात्रै नभई अमूर्त चित्रहरू र कार्टुन चित्रको प्रयोग पनि बढेको पाइन्छ । पत्रपत्रिकाहरूमा नियमित कार्टुन चित्रको प्रयोग, बाल पत्रिकाहरूमा बाल सुलभ चित्रहरू (सादा र रङ्गीन) को प्रयोग गरी प्रकाशन गरेको पाइन्छ ।

अतः आजको समयमा चित्रकलाले आफ्नो एउटा छुट्टै स्थान बनाइसकेको छ । चित्रबिनाको साहित्यिक र साहित्येतर दुवै क्षेत्र अल्नो रहन्छ ।

२.४. चित्रको प्रयोजन र महत्त्व

चित्रको प्रयोजन व्यापक छ । चित्र बिनाको विषयले भन्दा चित्रसहितको विषयवस्तुले अर्थपूर्णता, अर्थगाम्भीर्यता र सहजतालाई ख्याल राख्दछ । चित्रहरू भाषा शिक्षणदेखि लिएर स्वाध्यायन, मनोरञ्जन, ज्ञानबोधका निम्ति पनि फलदायी हुन्छन् । विशेषतः चित्रहरू शिक्षणका क्रममा बढी लाभदायक मानिन्छन् । चित्रहरू भाषा शिक्षणमा व्यापक प्रयोगमा आउने सामग्री हुन् । यी प्रसङ्गअनुकूल भाषिक पाठ्यवस्तुको अभ्यास तथा प्रयोग गराउन भाव र विचारलाई स्पष्ट्याउन उपयुक्त सन्दर्भहरू सिर्जना गर्न पाठलाई रोचक बनाउन, शब्द, अर्थ र व्याकरणिक धारणा बसाल्न र खास वातावरणको कुनै दृश्य दृश्यावली प्रस्तुत गरी सिकाइलाई अर्थपूर्ण बनाउन आदि विभिन्न प्रयोजनका लागि उपयोगी हुन्छन् । वास्तविक वस्तु र प्रतिमूर्तिको समेत उपयोग गर्न नसकिने स्थितिमा चित्रहरू निर्विकल्प शिक्षण सामग्री हुन सक्छन् । चित्रहरूलाई शिक्षक आफैले बनाई वा विभिन्न पत्रपत्रिकाहरूबाट सङ्कलन गरी प्रयोग गर्न सकिन्छ । चित्र उपलब्ध नहुने स्थितिमा शिक्षकले कालोपाटीमा रेखाचित्र बनाइ काम चलाउन सक्छन् । विभिन्न रेखाहरूको प्रयोग गरी बनाइने चित्र रेखाचित्र हो । यस्ता चित्रबाट पनि वस्तु, अर्थ, कार्य आदिको धारणा दिन सकिन्छ । बालकलाई कथा शिक्षण गर्दा व्यङ्ग्य चित्र (कार्टुन)को प्रयोग गर्नु पनि प्रभावकारी हुन्छ । यस्ता चित्रबाट सिकाइलाई अझ बढी स्थायी बनाउन मद्दत मिल्दछ । त्यस्तै कुनै व्यक्तिको जीवनीलाई

वस्तु वा स्थानको वर्णन साहित्यकारको परिचय आदि प्रयोजनका लागि तस्वीर बढी उपयोगी हुन्छ । केही ऐतिहासिक तथा भौगोलिक तथ्य वा प्रसङ्गलाई प्रस्ट्याउनु पर्दा मानचित्रको प्रयोग गर्न सकिन्छ । (शर्मा र पौडेल, २०६०: २०७)

ससाना बालबालिकालाई अक्षर वा शब्द शिक्षण गर्नुभन्दा पहिले चित्रको माध्यमबाट सिकाइप्रति आकर्षित गर्न चित्रको प्रयोग गरिन्छ । सम्बद्ध विषय तथा पाठअनुसार बनाइएको चित्रले बालकमा सृजनशील प्रकृतिको विकास गराउन सक्छ । यसैगरी चित्रले सिकारूको कार्य पुस्तिकामा कलात्मक सुझबुझको विकास गर्न पनि सहयोग पुऱ्याउँदछ ।

यसरी चित्रको प्रयोजनलाई तल बुँदाङ्कन गरिएको छ -

- ससाना बालबालिकाहरूलाई अक्षर चिन्नुभन्दा अगाडि चित्रको माध्यमबाट सिकाइप्रति आकर्षित गर्न ।
- बालकमा सृजनशील प्रकृतिको विकास गराउन ।
- सिकारूको कार्य प्रस्तुतिमा कलात्मक सुझबुझको विकास गर्न ।
- बाल बालिकाहरूमा भएको विद्यमान प्रतिभालाई प्रस्फुटन गराइ बाहिर ल्याउन सहयोग गर्न ।
- पाठ्य विषयलाई सजिलैसँग बुझाउन ।
- भाषिक सामग्रीलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्न ।
- बालकमा कुनै पनि कुरा सकेसम्म आफैले सिक्न तथा सोधखोज गर्ने प्रवृतिको विकास गराउन ।
- भाव र विचारलाई प्रस्ट्याउन, उपयुक्त सन्दर्भ सिर्जना गर्न, खास विषयमा खास धारणा बसाल्न ।
- सिकाइलाई अर्थपूर्ण बनाउन ।
- सिकाइलाई चिरस्थायी बनाउन ।
- सिर्जनात्मक क्षमताको विकास गराउन ।
- बालबालिकामा वौद्धिक क्षमताको विकास गराउन ।
- शिक्षणलाई रोचक, उत्सुकतापूर्ण, प्रभावकारी र विषयवस्तुलाई सजिलैसँग बुझाउन ।
- अमूर्त वस्तुलाई मूर्त बनाउन ।

यसरी भाषा पाठ्यपुस्तकमा चित्रको प्रयोजन रमाइलो र चित्रकला विधा सिकाउनका लागि मात्र नराखिएर शिक्षण सिकाइ प्रक्रियामा मद्दत पुगोस् भन्ने आधारमा नै राखिएको हुन्छ । भाषाबाट व्यक्त गर्न नसक्ने कुराहरू चित्रका माध्यमबाट सहजै व्यक्त गर्न सकिन्छ । यसरी भाषाका पाठ्यपुस्तकमा चित्रलाई केवल विषयवस्तुको सहयोगी सामग्रीको रूपमा प्रस्तुत गरिएमा मात्र चित्रको औचित्य सान्दर्भिक हुन आउँछ ।

२.५. विभिन्न आधारमा चित्रको अध्ययन

यस शोधपत्रमा शोध परिचय खण्डको सीमाङ्कनमा राखिएको चित्रहरूको अध्ययनको आधारहरूको सैद्धान्तिक आधार खडा गर्न खोजिएको छ । चित्रलाई विभिन्न आधारहरूमा व्याख्या एवम् विश्लेषण गर्न सकिन्छ अपितु यस शोधको सीमाङ्कनभित्र रही तलका आधारहरूको सामान्य विश्लेषण गरिन्छ -

२.५.१. चित्रको आवश्यकता

भाषा शिक्षणका दृष्टिले कक्षा चारको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरू कत्तिको उपयुक्त छन् ? ती चित्रहरूले शिक्षणमा कत्तिको प्रभाव पारेका छन् ? र ती चित्रहरू आवश्यकीय छन् कि छैनन् ? चित्रले राम्रो प्रभाव पार्ने निहुँमा अनावश्यक सङ्ख्या र असान्दर्भिक चित्र राखिएका छन् कि छैनन् ? त्यसको निक्यौंल गरिनु पर्दछ । सही ठाउँमा सही र उपयुक्त सङ्ख्यामा पाठ्यपुस्तकभित्र चित्रको आवश्यकता पर्दछ ।

२.५.२. चित्रको रखाइ

चित्रको रखाइ भन्नाले चित्रलाई विषयवस्तु, परिवेश र घटना सुहाउँदो तरिकाले व्यवस्थापन गरिएको छ कि छैन त्यसको विश्लेषण गर्नु पर्दछ । विषयवस्तु एकातिर मोडिएको छ तर चित्रले अर्कै सङ्केत गरेमा विद्यार्थीमा त्यसले अन्यौलको वातावरण सिर्जना गर्दछ । घटना जे, जहाँ, जसरी घटेको छ, सोही चित्रण चित्रले गरेको हुनुपर्दछ । जसमार्फत् बालबालिकाहरूलाई घटना वर्णन बुझ्न सहज हुन्छ ।

२.५.३. विषयवस्तु

चित्र र विषयवस्तुको तालमेल हुनु पर्दछ । विषयवस्तुको वर्णन गर्न चित्र राखिनु पर्दछ । विषयवस्तु एकातिर र अर्कोतिर चित्र हुँदा समेत चित्रको उचित व्यवस्थापन देखिँदैन । सम्पूर्ण विषयलाई समेट्ने एउटा मात्र चित्र हुनुपर्छ भन्ने छैन । मुख्य-मुख्य घटनालाई दर्शाउने चित्र

कोरेमा उचित संयोजन हुन जान्छ । यसरी हरेक चित्रले विषयवस्तुको प्रतिनिधित्व गरी घटनाअनुरूप मिलेको हुनु पर्दछ ।

२.५.४. पाठ प्रयोजन

हामीले अगाडि नै भनिसक्यौं- एक हजार शब्दले दिने कुरा समान्य एउटा चित्रले बुझाउँदछ। यसैले पाठले दिन खोजेको सन्देश चित्रमार्फत पनि व्यक्त गर्दा ज्यादै प्रभावकारी बन्दछ । चित्र हेर्ने बित्तिकै पाठले दिन खोजेको सन्देश छर्लङ्ग हुनुपर्दछ । जसले गर्दा सिकाइ पनि लाभप्रद बन्दछ । खास भन्ने हो भने चित्रले प्रत्येक पाठले दिन खोजेको सन्देशलाई अनिवार्य बोकेको हुनुपर्दछ ।

२.५.५. सान्दर्भिकता

चित्रलाई ठीक ठाउँमा राखी विषयवस्तुअनुरूप बनाएर मात्र हुँदैन, उक्त चित्र पाठअनुरूप मेल खान्छ वा खाँदैन त्यसलाई पनि ख्याल गरिनु पर्दछ । सान्दर्भिक चित्रको अभावमा सिकाइ प्रभावकारी हुन सक्दैन । पाठलाई वा एउटा घटनालाई अर्को घटनासँग जोड्न सान्दर्भिक चित्र हुनुपर्दछ ।

२.५.६. बनोट

चित्रको मात्रै व्याख्या बनोटअन्तर्गत पर्दछ । चित्रमा के-कस्ता कुराहरू समाविष्ट गरिएका छन् तिनको वर्णन गरिनु पर्दछ । कुन ठाउँ, कस्ता चित्रहरू कोरिएका छन् ? चित्र कत्तिको वास्तविक र स्वाभाविक देखिन्छन् ? त्यसको विश्लेषण गर्नुपर्दछ । चित्रमा रङ्गको उचित व्यवस्थापन भएको छ कि छैन ? स्पष्ट देख्न सकिन्छ कि सकिँदैन ? यावत् कुराको व्याख्या गर्नुपर्दछ ।

माथिका आधारमा कक्षा चारको मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको विश्लेषण गरिन्छ । यी आधारहरूका आधारमा चित्रहरूको व्याख्या विश्लेषण र मूल्याङ्कन गरिन्छ ।

परिच्छेद तीन

चित्रहरूको अध्ययन विश्लेषण

३.१. परिचय

कक्षा चारको मेरो नेपाली किताबमा २१ ओटा पाठहरू छन् । यी पाठमा जम्मा ५४ ओटा चित्रहरू रहेका छन् । त्यसमध्ये पाठ १० र १५ मा चित्रहरू छैनन् भने ७ पाठ र ८ पाठमा सबैभन्दा बढी (जम्मा ६ ओटा) चित्रहरू रहेका छन् । अन्य सबै पाठमा २ वा ३ वा ४ ओटा चित्रहरू छन्। कविता विधामा भने एक एकओटा चित्रहरू छन् ।

३.२. गाउँछ गीत नेपाली

राष्ट्रिय भावना र देशप्रेमले ओतप्रोत यस कविता माधवप्रसाद घिमिरेद्वारा रचित कविता हो । यस कवितामा नेपालदेखि नेपालीसम्म, हिमालदेखि तराईसम्म, पूर्वदेखि पश्चिम महाकालीसम्मको गुणगान गाइएको छ । सम्पूर्ण नेपालीहरूमा एकताको शङ्खघोष गर्दै नेपाल र नेपालीको तारिफ गरिएको छ । वीरताको गुणगानसहित साहस, कर्तव्य र दायित्वबोधबारे पनि चर्चा गरिएको छ । लोकलयमा रचित यस कवितामा नेपाल र नेपालीको जय जयकार गरिएको छ। अतः यस पाठको मुख्य उद्देश्य विद्यार्थीहरूलाई राष्ट्रभक्तिमा लगाउनु नै रहेको छ ।

३.२.१. विषयवस्तु र चित्र

यस पाठमा एउटा मात्र चित्र रहेको छ । दुईजना पुरुष र महिलाले नेपालको झण्डा उचालेको देखाइएको छ । नेपालीको वीरता र स्वाधिनतालाई देखाइएको यस कवितामा चित्रले पनि यसै कुरालाई इङ्गित गरेको पाइन्छ । पुरुषले दौरा सुरुवाल, कोट, टोपी र महिलाले चोलो र फ्रक लगाएको चित्रमा दुई चुल्ठी बाँधेको देखाइएको छ । दुवै जनाले नेपालको राष्ट्रिय झण्डा समातेको देखाइएको छ । चित्र र विषयवस्तुको उचित संयोजन भएको पाइन्छ । विषयवस्तुको बोधार्थ चित्रले व्यक्त गर्न सफल भएको पाइन्छ ।

३.२.२. चित्रको आवश्यकता

यस पाठमा राखिएको चित्र कक्षागत हिसाबले उपयुक्त देखिन्छ । आजको सन्दर्भमा हेर्दा चित्र त्यति उपयुक्त देखिँदैन । नेपालको राष्ट्रिय पोशाक नभएको अवस्थामा चित्रले पुरातनवादी

धारणालाई समेटेको पाइन्छ । स्वाधिनता, स्वतन्त्रता र एकताबोध गराउन चित्रले खोजे पनि समग्रमा त्यति सफल भएको पाइँदैन । चित्रको आवश्यकता पाठमा रहे पनि उपर्युक्त चित्रले त्यो आवश्यकता परिपूर्ति गर्न नसकेको देखिन्छ । चित्रको सङ्ख्या पनि बढाउनु पर्ने आवश्यकता देखिन्छ।

३.२.३. चित्रको रखाइ

यस चित्रलाई विषयवस्तुअनुसार व्यवस्थापन गरिएको छ । यस चित्र कविताको विषयवस्तुअनुसार रहे तापनि समसामयिकतालाई ख्याल गरिएको पाइँदैन । विषयवस्तुका दृष्टिले चित्रलाई राख्न खोजिए तापनि सम्पूर्ण विषयवस्तुलाई समेट्न नसकेको देखिन्छ ।

३.२.४. पाठ प्रयोजन

चित्रले सम्पूर्ण पाठलाई प्रतिनिधित्व गरेको हुनुपर्छ अथवा मुख्य भावलाई चित्रले दर्शाउनु पर्दछ । यस चित्रले गीतको भावार्थलाई प्रतिनिधित्व गरेको छ । राष्ट्रिय एकता र नेपालीको गुणगान बारेको भावार्थलाई पुरुष र महिलाले संयुक्त रूपमा झण्डा समातेको देखाइ पाठ प्रयोजनसँग चित्रको तालमेल मिलाइएको छ ।

३.२.५. सान्दर्भिकता

विषयगत दृष्टिले समग्रमा हेर्दा चित्र सान्दर्भिक देखिन्छ । नेपालीको र नेपालको प्रतिनिधित्व गराउने सन्दर्भमा पनि चित्र सान्दर्भिक देखिन्छ । चित्रले भावार्थलाई जोड्ने सान्दर्भिकता बोकेको पाइन्छ ।

३.२.६. बनोट

एकजना पुरुष, एकजना महिला र एउटा नेपालको राष्ट्रिय झण्डा रहेको उक्त चित्रमा पुरुषले ढाका टोपी, दौरा सुरुवाल, कोट अनि महिलाले चोलो, फ्रक र कपालमा रिवन बाँधेको देखाइएको छ र खुट्टामा जुत्ता पनि छ । चित्रमा पुरुषको छायाँ ठूलो देखाइएको छ भने महिलाको छायाँ खासै छैन । चित्र पूर्ण रूपमा श्यामश्वेत छ । चित्र त्यत्ति चित्ताकर्षक छैन । कक्षा चार का विद्यार्थीका लागि चित्रको बनोट, रङ्ग व्यवस्थापन त्यत्ति नमिलेको देखिन्छ । विषयवस्तुअनुसार चित्रको व्यवस्थापन भए पनि चित्रअनुसार रङ्गको कुशल संयोजन हुन सकेको छैन ।

३.२.७. सारांश

यस पाठको चित्र विषयवस्तु र पाठ प्रयोजनअनुसार सान्दर्भिक नै छ तर भाषिक सिकाइ र अभ्यासका दृष्टिले यो चित्र उपयुक्त छैन ।

३.३. धनको घमण्ड



देवताहरूमा कुवेर सबैभन्दा धनी भएकोले धनको घमण्डी हुनु, गणेश कुवेरको त्यो घमण्ड तोड्ने पक्षमा रहनु, कुवेरले एक दिन भोजको आयोजना गरी सबै देवताहरूलाई बोलाउनु, सबै देवीदेवता आउनु र गणेश पनि आउनु, गणेशलाई सम्मानका साथ खाना खुवाउन थाल्नु, गणेशले सबै खाना सकिदिनु, त्यत्रो भण्डार रित्तिएको देखेर कुवेर आत्तिनु, गणेशले कुवेरलाई समेत अब खाने बताएपछि भाग्नु, कुवेर र गणेश दौडँदै कैलाशमा पुग्दा शङ्करले दौडनुको कारणबारे सोध्नु, गणेशले निम्तो दिएर पनि पेटभरी खान नदिएको बताउँदा गणेशलाई शङ्करले सम्झाउनु र कुवेरलाई आफूमा धनको घमण्ड चढेको थाहा पाइ घमण्ड नगर्ने प्रतीज्ञा गरी फर्किनु आदि घटनाक्रम रहेका छन् ।

३.३.१. विषयवस्तु र चित्र

यस पाठमा तीनओटा चित्रहरू रहेका छन् । पहिलो चित्रमा गणेशले कुवेरको भोजमा खाना खान लागेको देखाइएको छ भने कुवेरले गणेशलाई स्वागत गरी नमस्कार गरेको देखाइएको छ । अर्को चित्रमा कुवेरलाई गणेशले लखेटेको देखाइएको छ भने तेस्रो चित्रमा शङ्करसामु कुवेरले बिन्ती बिसाएको र गणेश घुरेर हेरेको देखाइएको छ । तीनै चित्रले कथाको मुख्य-मुख्य घटनाहरूलाई प्रतिनिधित्व गरेको पाइन्छ । विषयवस्तुअनुसार चित्रको उचित संयोजन भएको पाइन्छ ।

३.३.२. चित्रको आवश्यकता

कथानकअनुसार तीनओटा चित्र कोरिएको छ । कुवेरको धनको घमण्ड तोड्न तीनओटा चित्र काफी देखिन्छ । यी तीनओटा चित्रबाटै कथानक बुन्न सकिन्छ । यी तीनओटा चित्रहरू आवश्यकीय ठाउँमा रहेका छन् । यी तीनओटा चित्रहरूमध्ये एकओटा चित्रको अभावमा कथानक बुझ्न

असजिलो पर्ने हुन्छ । अतः चित्रको आवश्यकता पूर्ण रूपमा यी तीनओटा चित्रहरूले पूरा गरेको देखिन्छ ।

३.३.३. चित्रको रखाइ

यस पाठमा राखिएका सबै चित्रहरू घटनाक्रमअनुसार मिलेका देखिन्छन् । विषयवस्तुलाई अझ प्रस्ट पार्न सबै चित्रहरूले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । घटनामा जस्तै क्रमागत रूपमै चित्रलाई राखिएको छ ।

३.३.४. पाठ प्रयोजन

यस पाठको प्रयोजन भनेको घमण्ड तोड्नु रहेको देखिन्छ । धनको घमण्डको सुरुवातमा गणेशलाई सत्कार गरी अन्य खाना भण्डार पस्किएको देखाइ आफूले गणेशलाई सन्तुष्ट पार्न नसक्दा गणेशले लखेटेको र अन्त्यमा कैलाशमा शङ्करसामु घमण्डको याचना मागिएको देखाइएको छ । पहिलो चित्रले कुवेरको घमण्डी प्रवृत्तिलाई चित्रित गरेको, दोस्रो चित्रले घमण्डले आफैँलाई दुःख दिएको र तेस्रो र अन्तिम चित्रले घमण्डको याचना गरिएको देखाइनुले पाठको प्रयोजनलाई पूर्णरूपमा पालना गरिएको छ ।

३.३.५. सान्दर्भिकता

यी तीनै चित्र घटनाअनुसार अत्यन्त सान्दर्भिक छन् । पहिलो चित्रले कुवेरको घमण्डलाई देखाएको, दोस्रो चित्रले कुवेरलाई घमण्डले आपत्मा पारेको र तेस्रो चित्रले घमण्डको याचना गरी त्यस्तो नगर्ने प्रतीज्ञा गरेको घटनाक्रमसँगै सान्दर्भिक बनाइएको छ । घटनाअनुरूप चित्रहरू अत्यन्त सफल संयोजन गरिएका छन् ।

३.३.६. बनोट

पहिलो चित्रमा गणेश जस्तो देखिने हात्तीको टाउको भएको मान्छेले खाना खान लागेको र अर्कोतर्फ अर्को पुरुषले त्यस व्यक्तिलाई नमस्कार गरेको देखिन्छ । अगाडिपट्टि फलफूल, खाना रहेको छ । देवताले लगाउने श्रृङ्गारहरू पनि लगाएको देखाइएको छ । त्यस्तै दोस्रो चित्रमा हात्तीको टाउको भएको व्यक्तिले अर्को व्यक्तिलाई लखेटेको देखाइएको छ । पछाडिको व्यक्तिले चोर औंला ठड्याएको र दगुरेको देखाइएको र अर्को व्यक्ति डराएर कुदेको देखिन्छ । त्यस्तै तेस्रो चित्रमा डमरु र त्रिशुल लिएर सर्पको माला लगाएको र बाला लगाएको व्यक्तिसामु अर्को व्यक्तिले नमस्कार गरेको देखाइएको छ । त्यसपछाडि अर्को हात्तीको टाउको भएको व्यक्ति रिसाएझैं गरी हेरेको देखिन्छ ।

पछाडिपट्टि हिमालय श्रृङ्खला रहेका छन् । तीनै चित्र श्यामश्वेत देखिन्छन् । चित्रहरू श्यामश्वेत भए पनि रोचक र उद्देश्यपूर्ण रहेकाले सफल देखिन्छन् ।

३.३.७. सारांश

तीनओटा चित्र रहेको यस कथामा विषयगत, प्रयोजनपरक, वनोटगत, सान्दर्भिकता अनि रखाइका हिसाबले पनि चित्रको सफल व्यवस्थापन गरिएको छ । घटनाक्रमअनुसार चित्रको उचित संयोजन भएको छ ।

३.४. बचत गर्ने बानी

यस पाठमा बचत गर्ने असल वानी हुनु, धनी मानिसले मात्र नभई गरिबले पनि बचत गर्ने वानी बसाल्नु पर्ने, बचत गरेर पैसा राख्दा घर परिवारमा कोही अशक्त, विरामी र कमाउन नसक्दा

बचत गरेको पैसा काम लाग्ने हुँदा फजुल खर्च नगर्नु, पैसाबाहेक आशीर्वाद, दीर्घायु किन्न नपाइने, बचत गर्ने वानी गर्दा नातेदारलाई खाँचो परेको बेला मद्दत गर्न सकिने, आवश्यक कुराबाहेक अनावश्यक कुराहरूमा पैसा खर्च गर्न नहुने, सामाजिक काममा पैसा लगाउन सकिने, यसैले सानैदेखि बचत गर्ने वानी बसाल्नु पर्ने जस्ता विषय समेटिएको छ ।

३.४.१. विषयवस्तु र चित्र

यस पाठमा एउटा मात्र चित्र प्रयोग गरिएको छ । शीर्षक लगत्तै चित्रलाई शीर्ष भागमा समेटिएको यस पाठमा सबै विद्यार्थीले बैंक भन्ने बुझ्दछन् । बचत गर्ने वानीमा बैंकमा बचत गर्ने वानी बसाल्नु पर्छ भन्ने कुरा चित्रबाटै बुझिन्छ । त्यसपछि पाठलाई सरसर्ती पढ्दा चित्र र विषयवस्तुको तालमेल मिलेको भान हुन्छ ।

३.४.२. चित्रको आवश्यकता

बचत गर्ने वानी शीर्षक राखीसकेपछि बैंक, खुत्रुके, थैली, कोष, समूह बचत जस्ता कुराको चित्र बनाउन सकिन्छ । यस पाठमा पनि बैंकको चित्र बनाइएको छ । विषयवस्तुअनुरूप यस चित्रले आवश्यकता परिपूर्ति गरेको छ । माथि उल्लेखित कुराहरूमध्ये जेको चित्र बनाए पनि ठीक हुन्छ । यस चित्रले पनि विषयवस्तुले मागेको कुरा दिन खोजेको छ । यस चित्रको आवश्यकता यस पाठमा अत्यावश्यक देखिन्छ ।

३.४.३. चित्रको रखाइ

चित्रलाई पाठको आदि भागमा राखिएको छ । शीर्षक पछाडि राखिएको यस चित्रले एक पानाको तीन भागको एक भाग ओगटेको देखिन्छ । चित्रमा मान्छेहरू उभिएको, पैसा बुझाउन लागेको र चित्रको सिरानमा बैंक लेखिएकोबाटै बचत गर्नु भनेको बैंकमा राख्नु हो भन्ने कुरा बालबालिकाहरूले बुझ्दछन् । पाठको अग्र भागमा चित्र राख्नु उपयुक्त छ ।

३.४.४. पाठ प्रयोजन

यस पाठको प्रयोजन बचत गर्ने वानी बसाल्नु हो । सानै उमेरदेखि बचत गर्ने वानी बसाल्नु यस पाठको मुख्य प्रयोजन हो । बैंक भन्दा पनि खुत्रुकेमा बचत गर्ने वानी सिकाउन चित्रमा पनि बच्चाले खुत्रुकेमा पैसा राखेको चित्र समावेश गर्न पाए अझ राम्रो हुने थियो । सामान्यतः उल्लेखित चित्र पाठ प्रयोजनको दृष्टिले उपयुक्त देखिन्छ ।

३.४.५. सान्दर्भिकता

विषयवस्तुअनुरूप चित्र र चित्रअनुरूप विषयवस्तुको तालमेल मिलेको पाइन्छ । पाठको सान्दर्भिकतालाई चित्रले बोकेको पाइन्छ । बैंकको चित्र यस पाठमा अन्य कुरालाई भन्दा बचत गर्ने वानीको विकास गराउने सन्दर्भका लागि उपयोग गरिएको छ । विषयवस्तुअनुरूप चित्रको सफल संयोजन गरिएको छ । चित्रले विषयवस्तुको सान्दर्भिकतालाई पूर्णरूपमा समेटेको छ ।

३.४.६. बनोट

चित्रमा छजना मानिसको चित्र छ । दुईजना महिला र चारजना पुरुष छन् । दायाँ सिरानमा बैंक लेखिएको छ । त्यसको ठीक तल चल्ती र बायाँपट्टि बचत र अगाडि टेबलमा बचत बुक लेखिएको पासबुक छ । तीनजना बैंकका कर्मचारी जस्ता देखिन्छन् किनकि उनीहरू रकम बुझ्न लागेका छन् । बचतमा एकजना चल्तीमा एकजना र अगाडि एकजनाले रकम बचत गर्न लागेको

देखिन्छ । यी बचत, चल्ती र पासबुक लेखिएको सबै विभागमा रकम बचत गरिने कुरा उल्लेख गर्न खोजिएको छ ।

३.४.७. सारांश

यस चित्र विद्यार्थीको उमेर, स्तर र तहअनुरूप हुन सकेको देखिँदैन । सहरी क्षेत्रबाहेक ग्रामीण क्षेत्रका कक्षा चार का विद्यार्थीलाई बैंक भनेको ज्ञान नहुन सक्छ । खुत्रुके बचतलाई चित्रमा उतार्न सके अझ प्रभावकारी हुने देखिन्छ । अन्य दृष्टिकोणबाट यो चित्र उपयुक्त नै देखिन्छ ।

३.५. नौलाख तारा






आकाशमा नौलाख तारालाई सम्बोधन गरी लेखिएको यस कवितामा श्रृङ्गारिकताको प्रयोग बढी गरिएको छ । तारालाई चम्कन र आकाशभरी हुन, आग्रह गरिएको छ । आकाशमा तारा चम्के धरती सिङ्गारिने, तारा चम्केमा फूल नै कोसेली दिने, धरती उज्यालो पार्ने कुरा उल्लेख गरिएको छ । सम्बोधनात्मक (चम्क न चम्क नौलाख तारा) शैलीमा लेखिएको यस कविता दैवज्ञराज न्यौपानेद्वारा रचित बाल कविता हो ।

३.५.१. विषयवस्तु र चित्र

शीर्षकमा नै नौ लाख तारा भनिएको छ । अग्रभागमा कालो पृष्ठभूमिमा सेता ताराहरू देखाइएको छ । यस पाठमा पाँचओटा चित्रहरू रहेका छन् । अर्को चित्रमा हिमाल श्रृङ्खला, अर्कोमा झरना, अर्कोमा गुराँसको फूल र पहाडी श्रृङ्खलाको बीचबाट सूर्य उदाएको चित्र कोरिएको छ । कवितामा पाँचओटा श्लोक छन् र सोही श्लोकअनुरूप चित्रको संयोजन गरिएको छ । दोस्रो श्लोकदेखि शब्दलाई हेरी चित्र बनाइएको छ । जस्तैः पग्लेर शब्द भनेर हिमालको चित्र, सिंगारी शब्द भनेर झरना, फूल शब्द भनेर लालीगुराँस र किरण शब्द भनेर सूर्य उदाएको चित्र । यसरी हेर्दा विषयवस्तुअनुरूप चित्रको कुशल संयोजन नभएको आँकलन गर्न सकिन्छ ।

३.५.२. चित्रको आवश्यकता

यस पाठमा चित्र राख्नका निम्ति राखिएको आभाष हुन्छ । झरनाको चित्रको आवश्यकता पाठमा देखिँदैन । सुरुको ताराको चित्रबाहेक अन्य चारओटा चित्रको आवश्यकता त्यति देखिँदैन ।

३.५.३. चित्रको रखाइ

यस पाठमा वायाँपट्टि श्लोकहरू र दायाँपट्टि चित्र राखिएको छ । प्रत्येक श्लोकको प्रतिनिधित्व गर्ने गरी पाँचओटै चित्र राखिएको छ । सुरुको तारामण्डलबाहेक अन्य चित्रले विद्यार्थीको ध्यान अन्यत्रै मोड्ने काम गर्दछ । अन्य चित्र राख्नुको प्रयोजन उपयुक्त देखिँदैन । ती चित्रहरूले विद्यार्थीमा अन्यौलको सिर्जना गर्दछ । विषयवस्तुलाई चित्रले समेट्न सकेको छैन ।

३.५.४. पाठ प्रयोजन

यस श्रृङ्गारिक कवितामा ताराको चर्चा परिचर्चा र मनोरञ्जन दिलाउने मुख्य उद्देश्य पाइन्छ । विद्यार्थीमा मनोरञ्जन दिई पढ्न उत्प्रेरित गर्ने यस कवितामा काल्पनिक तथ्यलाई रोचक पाराले प्रस्तुत गरिए तापनि चित्रले पाठ प्रयोजनालाई समेट्न सकेको छैन । अन्य चारओटा चित्रले पाठ प्रयोजनलाई समेट्न सकेको पाइँदैन ।

३.५.५. सान्दर्भिकता

एकातिर विषयवस्तुलाई यस चित्रले समेट्न त सकेन नै अर्कोतर्फ सान्दर्भिकताको दृष्टिले समेत चित्र अनुपयुक्त देखिन्छन् । ताराको सन्दर्भमा पहिलो चित्र स्वाभाविक भए तापनि हिमाल, लालीगुराँस र झरनाको चित्रलाई क्रमशः पग्लेर, सिङ्गारी, फूलको सन्दर्भमा जोड्न के उपयुक्त होला ? घटनासँग नजोडी शब्दको सन्दर्भमा चित्रलाई जोडिएको छ । सो कार्य अनुपयुक्त छ ।

३.५.६. बनोट

यस पाठमा पाँचओटा चित्रहरू राखिएको छ । पहिलो माथिल्लो चित्रमा कालो पृष्ठभूमिमा ताराहरू छन् । अर्को चित्रमा हिमाली श्रृङ्खला, तेस्रो र बीचको चित्रमा पहाड र झरनाको चित्र, अर्को चौथो लालीगुराँसको चित्र र अर्को अन्तिम चित्रमा पहाडको खाँचमा सूर्योदय भएको देखाइएको छ । चित्रहरू सबै श्यामश्वेत छन् । चित्रमा खासै कलात्मकता देख्न सकिँदैन ।

३.५.७. सारांश

यस पाठमा पाँचओटा चित्रहरू राखिएको यो पाठमा चित्रगत हिसाबले अन्य पाठहरूभन्दा अगाडि रहे तापनि चित्रको अर्थगत हिसाबले र सान्दर्भिकताका हिसाबले कमजोर रहेको छ । चित्रहरूले कक्षा चार का विद्यार्थीहरूलाई खासै प्रभाव पार्न सक्ने देखिँदैन ।

३.६. नीमको पात

यो कथामा राजकुमार घमण्डी र उदण्ड हुनु, राजा दिक्क हुनु, त्यही दिक्दारीले राजालाई चिन्तित बनाउनु र बुद्धको शरणमा जानु, बुद्धले राजकुमारलाई आफूकहाँ पठाइदिन आग्रह गर्नु र

भोलिपल्ट राजकुमार बुद्धको अगाडि पर्नु र बुद्धले नीमको पात ल्याएर खान लगाउनु, राजकुमारले उक्त नीमको पात मुखमा हाली चपाउँदा तीतोले रन्थनिनु र सबै नीमको विरूवा उखेलेर फाल्नु र बुद्धले किन

नीमको विरूवा उखेलेको भनेर सोध्दा सानैमा त यस्तो तीतो विरूवा ठूलो हुँदा वीष फल्ने हो कि भनेर उखेलेको बताउनु, बुद्धले पनि राजकुमारलाई तिमी सानैमा यस्तो अरुलाई मन नपर्ने व्यवहार गर्छौ भने ठूलो हुँदा गरे के परिणाम होला भनी सोध्नु, राजकुमार छाँगाबाट खसेझैं हुनु, पछुताउनु र अन्त्यमा सबैको मन पर्ने पात्र हुनु आदि घटनाक्रम रहेका छन् ।

३.६.१. विषयवस्तु र चित्र

यस पाठमा तीनओटा चित्रहरू रहेका छन् । पहिलो चित्रमा बुद्धको सामू राजाले विन्ती गरेको देखाइएको छ । दोस्रो चित्रमा राजकुमारले नीमको विरूवा उखेलेको र बुद्धले हात बाँधेर हेरेको देखाइएको छ । त्यस्तै अन्तिम चित्रमा राजकुमारले क्षमा याचना गरेको देखाइएको छ । यस पाठको मुख्य-मुख्य घटनाहरूलाई चित्रद्वारा अझ प्रष्ट पार्न खोजिएको छ । चित्र र विषयवस्तुको मेल उपयुक्त नै भएको पाइन्छ ।

३.६.२. चित्रको आवश्यकता

चित्र आफै बोल्छ भनेझैं तीन चित्रहरू आफै बोलेका छन् । एकपटक कथानक पढेर चित्र हेर्दा कुरो प्रष्ट हुन्छ । राजालाई चिन्ताले सताएको प्रसङ्गपछि बुद्धसामु राजाले विन्ती बिसाएको देखाइएको छ भने अर्को चित्रमा राजकुमारले नीम उखेल्न लागेको देखाइएको छ । जुन घटना नीम खाएर राजकुमार रिसले चूर भएको प्रसङ्गपछि लिइएको छ । त्यस्तै अन्तिम चित्र राजकुमारको क्षमाको प्रसङ्ग जोड्दै बनाइएको छ । चित्र पूर्णरूपमा आवश्यकता पूर्तिका निम्ति राखिएको भान हुन्छ ।

३.६.३. चित्रको रखाइ

प्रत्येक घटनापछि त्यस घटनाको तलपट्टि पारेर चित्रलाई राखिएको छ । दुईओटा चित्र एक पानाको आधा भाग ओगटेर चित्र बनाइएको छ भने एउटा तीन भागको एकभाग समेटेर चित्र बनाइएको छ । चित्रको राख्ने स्थान पनि उपयुक्त छ ।

३.६.४. पाठ प्रयोजन

कथाको मुख्य-मुख्य घटना, आदि, मध्य र अन्त्यलाई जोड दिई चित्रहरू बनाइएको छ । मुख्यतः तेस्रो वा अन्तिम चित्रले पाठ प्रयोजनलाई जोड दिएको छ । तीनै चित्रहरू पाठ प्रयोजनका दृष्टिले पूर्णरूपमा सक्षम र सबल देखिन्छन् ।

३.६.५. सान्दर्भिकता

पाठको यी तीनओटा चित्र अत्यन्त सान्दर्भिक देखिन्छन् । राजा चिन्तित हुनु र बुद्धको शरणमा जानु र त्यही प्रसङ्गको चित्र, राजकुमार नीम खाँदा तीतो भएर विरूवा उखेल्नु, त्यही प्रसङ्गको चित्र र राजकुमारले क्षमा मागेको प्रसङ्गको चित्र रहेको छ । घटनाअनुरूपको चित्र सान्दर्भिक देखिन्छ ।

३.६.६. बनोट

तीनओटा चित्रमध्ये पहिलो चित्रमा एउटा रूखमुनि बुद्धजस्तो मानिस पलेटी मारेर एउटा हात काखमा र अर्को हात ठड्याएको छ भने अर्को श्रीपेच लगाएको मान्छे घुँडा टेकेर दुई हात जोडी नमस्कार गरेको छ । अर्को चित्रमा एउटा धोतीजस्तो लगाएको मानिस उभिएको र अर्को बालकजस्तो मानिस एउटा विरूवा उखेल्न लागेको र दुईओटा विरूवा उखेलेको देखाइएको छ । अन्तिम चित्रमा त्यही धोती लगाएको मान्छे उभिएको एउटा हात माथि र अर्को हात तल गरेको देखाइएको छ भने बालकले बसेर दुई हात जोडेको देखाइएको छ । भूईंमा एउटा विरूवा उखेलेर फालेको देखाइएको छ । दुवैको खाली खुट्टा छन् । सबै चित्र श्यामश्वेत छन् ।

३.६.७. सारांश

घटनाअनुरूप चित्रको कुशल र सफल संयोजन भएको पाइन्छ । विद्यार्थीको रुचि, क्षमता र स्तरलाई चित्रले ख्याल गरेको पाइन्छ ।

३.७. बाग्मती नदी

प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको प्रबन्धमा बाग्मती नदीको जन्म, कर्म, खुसी, दुःख, गुनासो, आदिलाई समेटिएको छ । शिवपुरी डाँडाबाट बाग्मती नदीको मुहान हुँदै गोकर्ण, गुह्येश्वरी, शङ्खमुल, पचली, टेकू आदि तीर्थस्थल हुँदै बाग्मती बग्नु, आर्यघाट पनि बाग्मतीको किनारमा रहनु, बाग्मतीको पानीले सिँचाइ गर्नु, सबैले बाग्मतीको समान उपभोग गर्न सक्नु, तर यस प्रबन्धमा बाग्मतीको व्याथा पनि रहनु, सफा पानीमा ढल मिसाउनु, बालुवा निकाल्नु, स्वच्छ, सफा र हरियाली नहुनु, सबै मानिसले हेला, अपमान र फोहोर दिनु र बालबालिकाहरूलाई फोहोर नफाल्न रूख रोप्न, ढल नमिसाउन आग्रह गरिएको छ ।





३.७.१. विषयवस्तु र चित्र

यस पाठमा तीनओटा चित्रहरू रहेका छन् । पहिलो चित्रमा झरना झरेको देखाइएको छ । यसबाट के बुझ्न सक्छौँ भने बाग्मतीको मुहान शिवपुरी डाँडाबाट पानी झरेको भन्ने सङ्केत गरेको छ । अर्को दोस्रो चित्रमा आर्यघाटको झल्को दिने चित्र बनाइएको छ । चित्रमा मन्दिर, तलपट्टि दुईजना मानिसले पूजा गरेको देखाइएको छ । त्यस्तै अन्तिम चित्रमा बाग्मती नदमिाथि पुल बनेको भनी देखाइएको छ । यसरी विषयवस्तु र चित्रको तालमेल भएको पाइन्छ ।

३.७.२. चित्रको आवश्यकता

यस पाठमा तीनओटा चित्रहरू रहेका छन् । तीमध्ये पहिलो चित्रमा झरना झरेको देखाइएको छ । यसको आवश्यकता खासै देखिँदैन । दोस्रो चित्र आवश्यक देखिन्छ । पशुपतिनाथ मन्दिरमा रहेको आर्यघाटलाई चिनाउन र त्यसै नजिकबाट बगेको बाग्मती नदीलाई चिनाउन यस चित्र उपयुक्त छ । त्यस्तै अन्तिम वा तेस्रो चित्रमा पुलमुनि नदी बगेको देखाइएको छ । यसको पनि खासै आवश्यकता देखिँदैन । नदीमाथि पुलहरू बनेका छन् भने पुलको चित्र बनाउनु पनि त्यति

उपयुक्त पनि देखिँदैन । समग्रममा तीनै चित्रले पाठको आवश्यकतालाई परिपूर्ति गर्न सकेको देखिँदैन ।

३.७.३. चित्रको रखाइ

चित्रको स्थान विषयसुहाउँदो नै देखिन्छ । शिवपुरी डाँडाबाट उत्पन्न भएको बाग्मतीलाई डाँडाको कुना काप्चामा उफ्रिँदै, खेल्दै ठूलो भएको प्रसङ्ग जोड्न झरना झरेको देखाइएको छ । त्यस्तै आर्यघाटको कुरापछि आर्यघाटको जस्तो चित्र र पुलको प्रसङ्गपछि पुलको चित्र राखिएको छ। चित्रको रखाइ उपयुक्त नै देखिन्छ ।

३.७.४. पाठ प्रयोजन

यस पाठको मुख्य प्रयोजन बाग्मती नदीको चिनारी, नदीको हालको दुःखद् अवस्थाबारे जानकारी गराइ सफा गर्न सचेत गरिएको छ । यसरी पहिलो चित्रले बाग्मतीको उत्पत्तिबारे, दोस्रो चित्रले आर्यघाट नजिकैबाट बगेको बाग्मती र तेस्रो चित्र बाग्मती नदीमाथि बनेको पुलबारे प्रष्ट पार्न राखिएको छ । अझ अन्त्यमा बाग्मतीको दुर्दशाबारे चित्रद्वारा प्रष्ट पारेको भए पाठ प्रयोजन थप साकार हुने थियो । बाग्मती नदी र किनारमा फोहोरको डङ्गुर भएको चित्र अन्तिम पृष्ठमा राखेमा अझ पाठ प्रयोजनले साकार रूप लिने देखिन्छ ।

३.७.५. सान्दर्भिकता

चित्र र विषयवस्तुको कुशल तालमेल नै सान्दर्भिकता हो । चित्रले कत्तिको विषयवस्तुसँग तालमेल मिलायो, प्रसङ्गसापेक्ष चित्र छ कि छैन ? भन्ने ख्याल गर्दा तीनै चित्रहरूले विषय र प्रसङ्गलाई ख्याल गरिएको छ । शिवपुरीबाट बाग्मतीको उत्पत्ति भएको सन्दर्भसँगै पहिलो चित्र, पशुपतिनजिकै बगेको बाग्मतीको सन्दर्भसँग दोस्रो चित्र र पुलहरू बनेकोबाट तेस्रो चित्रलाई सन्दर्भाङ्कित गर्न खोजिएको छ, जुन उपयुक्त र सही छ ।

३.७.६. बनोट

पहिलो चित्रमा हिमाल श्रृङ्खलाबाट झरना झरेको, पानी तल बगेको, ढुङ्गाहरू रहेको देखाइएको छ । दोस्रो चित्रमा तीनओटा मन्दिर, हिँड्ने पेटी, पानी र पानीमाथि टुपी पालेको मान्छे र अर्को दारी र कपाल पालेको मान्छेले पूजा गरेको देखाइएको छ । तेस्रो वा अन्तिम चित्रमा घरको भ्याल, रूख विरूवा, पेटी, पुल र पुलमुनि नदी बगेको देखाइएको छ । सबै चित्रहरू श्यामश्वेत छन् ।

३.७.७. सारांश

यस पाठमा तीनओटै चित्रहरू रहेकोमा दोस्रो चित्र मात्र बढी सान्दर्भिक र पाठ प्रयोजनका दृष्टिले उपयुक्त देखिन्छ । पाठको अन्तिम पानामा बाग्मतीको फोहोर दर्शाउन चित्र बनाइएको भए अझ प्रभावकारी हुने देखिन्छ । त्यसले पाठ प्रयोजनलाई समेट्ने देखिन्छ ।

३.८. विहेको निम्तो

संवादात्मक शैलीमा रहेको यस पाठमा विहेको निम्तो दिन रमेश महेशको घर आउँदा महेशकी छोरी अञ्जनाले रमेशलाई राम्रो सत्कार गर्नु, रमेश प्रशन्न हुँदै महेशसँग छोरीको प्रशंसा गर्दै आफ्नी छोरीको बिहेको चुले निम्तो दिन्छन् र छोरी बी.ए. पास गरेर जागीर खाएको र दुलाहाले दाइजो नमागेको कुरा उनीहरू बीचको संवादमा उल्लेख गरिएको छ ।

३.८.१. विषयवस्तु र चित्र

यस पाठमा तीनओटा चित्रहरू रहेका छन् । पहिलो चित्रमा अञ्जनाले रमेश आउँदा ढोका खोलेर हेरेको देखाइएको छ । रमेशले घरमा को छ भनेपछि अञ्जनाले ढोका खोलेर रमेशलाई भित्र बोलाएको देखाइएको छ । अर्को चित्रमा रमेशले पानी मागेपछि पानी दिएर रमेशले पानी खाएको देखाइएको छ । त्यस्तै अन्तिम चित्रमा रमेशले महेशलाई बिहेको निम्तो दिएको र जसरी पनि आउन आग्रह गरेको छ । विषयवस्तु र चित्रको संयोजन सफल भएको पाइन्छ ।

३.८.२. चित्रको आवश्यकता

पाठको उद्देश्य त्यति गहन नहुनुले पनि चित्र त्यहीअनुरूप बन्न सकेको छैन । पहिलो र दोस्रो चित्रको आवश्यकता केही रहे पनि अन्तिम चित्रको आवश्यकता त्यति देखिँदैन । चित्र राख्नु पर्ने मान्यतामा रहेर मात्र चित्र राखेको देखिन्छ । तेस्रो चित्र राख्नु र नराख्नुमा खासै अन्तर देखिँदैन ।

३.८.३. चित्रको रखाइ

सर्वप्रथम अञ्जनाले रमेशलाई भित्र बोलाउँदाको पहिलो चित्र हो । सोही प्रसङ्गपछि चित्र बनाइएको छ । त्यसपछि रमेशले पानी मागेर पानी खान लागेको प्रसङ्गपछि पानी पिउन लागेको चित्र राखिएको छ । अन्तिम चित्र रमेशको छोरीको बिहेको कुरामा जोडिएको छ ।

३.८.४. पाठ प्रयोजन

यस पाठको मुख्य प्रयोजन भनेको बालबालिकामा असल वानी सिकाउनु र दाइजो प्रथाको उन्मुलन गर्न सघाउनु देखिन्छ । अतिथि सत्कारमा बालबालिका लाग्नुपर्ने, ठूलालाई सम्मान र सानालाई माया गर्नु पर्ने कुरा पहिलो चित्र र दोस्रो चित्रले सन्देश दिन खोजेका छन् । त्यस्तै अन्तिम चित्रले साथीको मित्रताको सन्देश दिन खोजेको छ । दाइजो प्रथाबारे कुनै चित्रले पनि बोलेको पाइँदैन । यो कमजोरी देख्न सकिन्छ ।

३.८.५. सान्दर्भिकता

चित्र र विषयवस्तु जोडिएको छ । पाहुना आउँदा सत्कार गरी भित्र लगी पानी दिने प्रचलनलाई पहिलो र दोस्रो चित्रले सन्दर्भाङ्कन गरेको छ । अर्को चित्रले साथीको गफ गराइको शैलीलाई सन्दर्भाङ्कन गरेको छ । विषयअनुसार चित्र सान्दर्भिक देखिन्छ ।

३.८.६. बनोट

पहिलो चित्रमा टि-सर्ट र फ्रक लगाएकी केटी ढोकामा उभिएर जिज्ञासा पोखेको जस्तो देखिन्छ । दौरा सुरुवाल, कोट, टोपी र जुत्ता लगाएको व्यक्तिले औला ठड्याएर केही भनेको आभाष हुन्छ । ढोका उघारिएको छ । अर्को चित्रमा कपाल बाटेकी फ्रक र टि-सर्ट लगाएकी केटी उभिएर पानी पिइरहेको व्यक्तिलाई हेरेकी छे । अर्को व्यक्ति सोफामा बसेर एउटा हातले पानी पिइरहेको देखिन्छ । अन्तिम चित्रमा दुईजना व्यक्तिहरू एउटा व्यक्तिले ढाका टोपी, स्टकोट र दौरा लगाइ चिउँडोमा हात राखी अर्को व्यक्तिलाई हेरेको छ । अर्को व्यक्ति भने ढाका टोपी लगाएर दौरा कोट पनि लगाइ एउटा हातको चोर औंला ठड्याइ र अर्को हातको पाँचै औंला फिँजाइ केही भनेको भान हुन्छ । सबै चित्रहरू श्यामश्वेत छन् ।

३.८.७. सारांश

यस पाठमा तीनओटा चित्रहरू रहेका छन् । सान्दर्भिकता र पाठ प्रयोजनका दृष्टिले उपयुक्त छन् तर पाठको सम्पूर्ण प्रयोजनलाई भने चित्रले समेट्न सकेको देखिँदैन । सरसर्ती हेर्दा विद्यार्थी भुलाउने माध्यम भने चित्र बनेको छ ।

३.९. दाजुभाइ र बूढाबा

कथामा गोपाल र विमल सानै छँदा बाबुआमा बित्नु, खाँदाबस्दा सबै सम्पत्ति सकिनु र गाउँ छाडेर कामको खोजीमा निस्कनु, गाउँ गाउँमा कामको खोजीमा निस्कनु, बाटोमा भरिया र गोठालो भेट हुँदा काम माग्नु तर उनीहरूलाई भारी बोक्न र गाई हेर्न, घाँस काट्न, भकारो सोहोर्न नआउने हुँदा काम गर्न नसक्नु, कामको खोजीमा भौंतारिँदै एउटा रूखमुनि बस्दा बूढा मान्छेले सोध्नु, उनीहरूले आफ्नो परिचय नढाँटी बताउँदा, बूढाबाले काम गर्न लैजानु, उनीहरू पनि खुसी हुनु, बूढाले किसानी काम

सिकाउनु, केही समयमै प्रशस्त अन्न फल्नु, बूढा खुसी हुनु, एक दिन बूढाले दूबै दाजुभाइलाई डाकी खुसी व्यक्त गरेर बैंकको भौचर दिई पन्ध्र हजार रूपियाँ भएको कुरा बताउनु, अब व्यापार गर्न सक्ने कुरा बूढाले बताउँदा दुःखमा आफूलाई मद्दत गरेकोले बूढालाई

कहिल्यै नछाड्ने दुई दाजुभाइले बताउनु, बूढा पनि मख्ख पर्नु, त्यसपछि बूढाको घरमा दुवै दाजुभाइसँगै आनन्दले बस्नु जस्ता घटनाक्रम रहेका छन् ।

३.९.१. विषयवस्तु र चित्र

यस पाठमा छओटा चित्रहरू रहेका छन् । पहिलो चित्रमा दुई दाजुभाइ गुण्टा कसेर गाउँ छाडेर हिँडेको देखाइएको छ । ऋणले सारा खेत साहूको जिम्मा लगाइ कामको खोजीमा निस्केको घटनासँग पहिलो चित्रलाई जोडिएको छ । दोस्रो चित्रमा भरियासँग भेट हुँदा काम मागेको, तेस्रो चित्रमा गोठालोसँग पनि काम मागेको कुरा जोडिएको छ भने चौथो चित्रमा बूढाको खेत खनेर खेतीपाती गर्न लागेको र बूढाले काम सिकाएको, पाँचौं चित्रमा बूढाले खुसी हुँदै पन्ध्र हजारको भौचर दाजुभाइलाई दिन लागेको र अन्तिम वा छैठौं चित्रमा बूढासँगै दाजुभाइ मिलेर खुसीसाथ बसेको देखाइएको छ । विषयवस्तु र चित्रको पूर्ण रूपमा तालमेल भएको पाइन्छ ।

३.९.२. चित्रको आवश्यकता

यस पाठमा छओटा चित्रहरू रहेका छन् । प्रत्येक चित्रले पाठको मुख्य-मुख्य घटनाहरू समेटेको पाइन्छ । मुख्य-मुख्य घटनाहरूलाई पुष्टि गर्न प्रत्येक चित्र सफल देखिन्छन् । विषयवस्तुलाई थप पुष्टि गर्न चित्रले मद्दत गरेको पाइन्छ । सही र उपयुक्त सङ्ख्यामा चित्रहरू राखिएको छ ।

३.९.३. चित्रको रखाइ

पहिलो चित्र साहूको ऋणले घर खेत जिम्मा लगाइ हिँडेको घटनापछि राखिएको छ । दोस्रो चित्र गोठालोसँग भेट हुँदाको घटनाक्रमपछि राखिएको छ । जुन अनुपयुक्त छ । भरियासँग भेट भएको चित्र गोठालोको प्रसङ्गपछि राख्नु अनुपयुक्त देखिन्छ । त्यस्तै अन्य चित्रहरू बूढाले दाजुभाइलाई काममा लैजाँदा, गोठालासँग भेट भएको चित्र र बूढा खुसी भएर भौचर दिएको घटनाक्रमपछि बूढाले खेतीपातीको काम सिकाएको चित्र राखिएको छ । त्यस चित्रहरूको रखाइ मिलेको छैन । अन्य बाँकी दुई चित्र कथानकअनुरूप चित्रको रखाइ ठीक देखिन्छ ।

३.९.४. पाठ प्रयोजन

प्रत्येक चित्रले पाठ प्रयोजनलाई जोड दिएको छ । सही सङ्ख्यामा सही र मुख्य घटनाको प्रतिनिधित्व हुने गरी चित्र राखिएको छ । चित्र हेरेर मुख्य-मुख्य घटनाका बुँदाहरू सङ्कलन गर्न

सकिन्छ । चित्रबाटै कथा बुझ्न सकिन्छ । चित्रको सफल संयोजन गरिएको छ । चित्रको सङ्ख्यामा कुनै कञ्जुस्याइँ गरिएको पाइँदैन ।

३.९.५. सान्दर्भिकता

घटनाको सन्दर्भसँगै चित्रलाई जोडिएको छ । प्रत्येक प्रसङ्गपछि चित्रलाई राखिएको छ । दोस्रो, तेस्रो, चौथो चित्रहरू भने प्रसङ्गभन्दा केही पछाडि परेका छन् । अन्य चित्रहरू घटना प्रसङ्गसँगै आएका छन् । पहिलो दोस्रो, तेस्रो, चौथो, पाँचौं र छैठौं चित्रले क्रमशः गाउँ छाडेको, भरियासँग काम मागेको, गोठालोसँग काम मागेको, बूढाले काम सिकाएको, बैंक भौचर दिएको र मिलेर सँगै बसेको सान्दर्भिकतालाई जोडेको छ ।

३.९.६. बनोट

पहिलो चित्रमा घरैघरहरू छन् । पहाडी श्रृङ्खला छन् । दुईजना दौरा, सुरुवाल र टोपी लगाएका मान्छे लौरोमा पोको बोकेर हिँडेको देखाइएको छ । दोस्रो चित्रमा तीनजना मान्छे छन्, एउटा भरियाले डोकोमा सामानहरू बोकेको छ र अन्य दुईजना व्यक्तितर्फ फर्केर केही सुने जस्तो गरेको छ । दुई व्यक्तिहरूमध्ये एकले केही भनेको जस्तो देखिन्छ । तेस्रो चित्रमा गाईवस्तु तीनओटा र मान्छे पनि तीनओटै देखिन्छन् । एउटाले लौरो बोकेको छ । अरु दुईजनाले केही सुनेजस्तो देखिन्छ । चउरमा घाँस देखिन्छ । चौथो चित्रमा बूढो मान्छे जस्तो लौरो टेकेर डिलमा बसेको छ । दुईजना बारी खन्दै छन् । तरकारी फलेको देखिन्छ । पर एउटा रूख पनि देखिन्छ । पाँचौं चित्रमा एउटा मान्छेले भौचर लेखेको कागज अर्को व्यक्तिलाई दिएको देखिन्छ । भूमिमा कृषि लेखिएको र चेकबुक लेखिएको कागज पनि छन् । अन्तिम चित्रमा एउटा रूख छ । पहाड छ । विरूवा छन् । घरको केही भाग देखिएको छ । र तीनजना दौरा सुरुवाल, कोट, टोपी र चप्पल लगाएर खुसी मुद्रामा अङ्गालो हालेको देखिन्छ । चित्रहरू सबै श्यामश्वेत छन् ।

३.९.७. सारांश

घटनाअनुरूप चित्र भए पनि चित्रअनुरूपको रङ्गको संयोजन भएको छैन । चित्रले प्रयोजन र सान्दर्भिकतालाई समेटेको छ । चित्रले पाठको धेरै कुरा बोलेको छ । चित्र चित्ताकर्षक नै छ ।

३.१०. स्वस्थ बनौं

पौष्टिक आहार, सन्तुलित बसाइ, आराम र परिश्रमले जीवनलाई स्वास्थ बनाउनु फोहोरले विभिन्न रोग लाग्नु, शरीर र लुगा सफा राख्ने, दाँत माझ्ने, कपाल कोर्ने, नङ् काट्ने बानी बसाल्नु, समयमा सुत्नु, सुत्दा मुख नछोपी सुत्नु, नियमित व्यायाम गर्नु, ताजा खाना खानु, दैनिक व्यायाम, आराम र स्वस्थ वातावारण हुनु आदि स्वस्थ रहने उपायहरू हुन । यी बानीहरू आफूले मात्र होइन घर परिवारमा पनि सिकाउनु पर्ने र जसले गर्दा भाइबहिनीलाई स्वस्थ रहन सिकाउनु पर्छ ।

३.१०.१. विषयवस्तु र चित्र

यस पाठमा पाँचओटा चित्रहरू रहेका छन् । पहिलो चित्र निकै आकर्षक छ । सर्ट, हाफ पाइन्ट, मोजा र जुत्ता लगाएको व्यक्ति दुई हात कम्मरमा राखेको छ । अर्को चित्रमा ब्रस गरेको, क्रमशः ऐना हेरी कपाल कोरेको, नङ काटेको, सुतेको देखाइएको छ । मानिस स्वच्छ बन्न सरसफाइ लगायतका अन्य कामलाई चित्रमा देखाइएको छ । चित्रअनुसार विषयवस्तु पनि समेटिएको छ । स्वस्थ बन्ने उपायहरू पनि चित्रमा देखाइएको छ । विषयवस्तु र चित्रको उचित तालमेल भएको पाइन्छ ।

३.१०.२. चित्रको आवश्यकता

'स्वस्थ बनौं' शीर्षक रहेकाले पहिलो चित्र स्वस्थ मानिसको नमुनाको रूपमा चित्र बनाइएको छ । विषयसँग चित्रको तालमेल ठ्याक्कै मिलेको छ । अन्य चित्र पनि स्वस्थ रहने उपायबारे देखाइएको हुनाले पनि चित्रको आवश्यकता देखिन्छ । यी चित्रहरूबाहेक फलफूल, पौष्टिक आहारको चित्रको आवश्यकता पनि देखिन्छ । त्यसले विषयगत प्रभाव पनि पार्ने देखिन्छ ।

३.१०.३. चित्रको रखाइ

पाठको सुरुमै बायाँपट्टि एउटा पूर्ण कदको बालकको तस्वीर राखिएको छ । स्वस्थ र हँसिलो तस्वीरबाटै पाठको औचित्य पुष्टि हुन्छ । त्यसपछि अन्य चित्रहरूलाई पाठको अन्तिम पानामा बायाँपट्टि राखिएको छ । ब्रस गर्ने, कपाल कोर्ने, नङ काट्ने, आराम गर्ने गर्नाले स्वस्थ भइने तथ्यलाई पुष्टि गर्न खोजेको छ । पहिलो चित्रबाहेक अन्य चित्रको रखाइ उपयुक्त छैन । प्रसङ्गविहीन चित्रहरू राखिएको छ ।

३.१०.४. पाठ प्रयोजन

सबै (पाँचओटा) चित्रहरूले पाठ प्रयोजन पूरा गरेको पाइन्छ । पहिलो चित्रले स्वस्थ मानिसको प्रतिनिधित्व गरेको छ भने अन्य बाँकी चार चित्रहरूले स्वस्थ रहने उपायहरूको प्रतिनिधित्व गरेका छन् । फलफूल र पौष्टिक आहारको चित्र भई दिए थप पाठ प्रयोजन चित्रबाट प्रष्ट हुने देखिन्छ ।

३.१०.५. सान्दर्भिकता

सबै चित्रहरू विषयवस्तु सान्दर्भिक देखिन्छन् । स्वस्थ व्यक्तिको सन्दर्भलाई पहिलो चित्रले जोडेको छ भने अन्य बाँकी चित्रहरूले स्वस्थ रहने उपायहरूलाई सन्दर्भाङ्कन गरेका छन् । विषयवस्तुसँग सबै चित्रहरू सान्दर्भिक छन् ।

३.१०.६. वनोट

पहिलो चित्रमा सर्ट, हाफ पाइन्ट, पेटी, जुत्ता र मोजा लगाएको पूर्ण कदको बालक हँसिलो मुहार लिएर कम्मरमा दुवै हात लाएर उभिएको छ । दोस्रो चित्रमा बालक ब्रस गर्न लागेको, तेस्रो चित्रमा बालिका ऐना हेर्दै कपाल कोर्न लागेको, चौँथो चित्रमा बालिकाले नङ काट्न लागेको र अन्तिम पाँचौं चित्रमा बालिका सिरानीमाथि ओड्ने ओडेर सुतेको देखाइएको छ । चित्रहरू सबै श्यामश्वेत छन् ।

३.१०.७. सारांश

पहिलो चित्र निकै चित्ताकर्षक छ भने अन्य बाँकी चित्रहरू पनि आकर्षक नै छन् । विद्यार्थीको स्तर क्षमता र आवश्यकतालाई पूर्ण रूपमा ख्याल गरिएको छ । चित्रहरू रोचक छन् ।

३.११. आमा

संबोधनात्मक शैलीमा लेखिएको यस कवितामा आमाको गुणगान गाइएको छ । आमालाई तिमी भनी सम्बोधन गरिएको छ । जन्म दिने, प्राण दिने आमालाई बोट र आफूलाई फूल भनिनु, आमाको महिमा अपार रहनु, सधै प्रेमधारा बगाईकन सदा साहारा दिने आमालाई दिने कुरा केही नभएको बताउनु, सपूत बनेर संसार सजाउने, रुनेलाई हँसाउने अनि ज्ञानी बनी आमाको सुयोग्य पुत्र बन्ने इच्छा र दृढता कवितामा व्यक्त गरिएको छ ।

३.११.१. विषयवस्तु र चित्र

आमाको महिमा र गुणगान गाइएको यस पाठमा आमाको ममतालाई पनि सम्झिएको छ । आमाको र बच्चाको चित्र रहेको छ । आमाले सानो बच्चालाई काखमा खेलाएको देखाइएको छ । 'आमा' शब्दलाई र आमाको ममतालाई चित्रले सार्थक तुल्याएको छ । विषयवस्तु र चित्रको तालमेल भएको पाइन्छ ।

३.११.२. चित्रको आवश्यकता

आमा भनिसकेपछि आमाको चित्रको खाँचो पर्दछ । त्यो खाँचो यस चित्रले पूरा गरेको छ । आमाको काखमा सानो दूधे बालक राखेर चित्रले नै आमाको महिमा गाएको छ । यस चित्रको आवश्यकता पाठमा छ र त्यो पूरा भएको छ ।

३.११.३. चित्रको रखाइ

दायाँपट्टि कविताको श्लोक र बायाँपट्टि चित्र राखिएको छ । आमाको पूर्ण कदको चित्र राखिएको छ । काखमा बच्चा छ । बच्चालाई मायालु पाराले राखिएको छ । चित्र ठीक ठाउँमा नै राखिएको छ । पानाको आधा भागमा चित्र कोरिएको छ ।

३.११.४. पाठ प्रयोजन

आमाको ममताबारे चर्चोल्लेख गरिएको यस कवितामा आमाको महिमा गाइएको छ । सम्पूर्ण श्लोकमै आमाको वर्णन गरिएको छ । त्यसकारण आमाको चित्र राख्नु आवश्यक छ । यस चित्रले बाल बालिकामा आमाको प्यारलाई बुझ्न अझ सजिलो बनाएको छ । चित्र र आमाको महत्त्वसँग विद्यार्थीहरू रम्न सक्छन् ।

३.११.५. सान्दर्भिकता

आमा पाठमा आमाको चित्र राख्नु सर्वोत्कृष्ट नमुना हो । पाठअनुसारको चित्र अत्यन्त सान्दर्भिक देखिन्छ ।

३.११.६. बनोट

सारी र चोलो लगाएकी हातमा चुरा, कपाल बाँधेकी निधारमा टीका लगाएकी एउटी महिलाको काखमा नग्न शिशु छ । वृद्धा भएकी, सारी लगाएकी महिलाले मायालु पाराले बच्चा बोकेको आभाष हुन्छ । चित्र पूर्ण रूपमा श्यामश्वेत छ ।

३.११.७. सारांश

आमाको गुणगान गाइएको यस पाठमा आमाको चित्र बनाइ काखमा सानो बच्चा राख्नु सान्दर्भिक छ । पाठमा चित्र आफैं बोलेको छ । विषयवस्तु र चित्रको कुशल व्यवस्थापन गरिएको छ ।

३.१२. बजा लौरी डाङडुङ

यस कथामा दिलबहादुर झुपडीमा बस्नु, थोरै बारी भएकाले जेनतेन जीविका चलाउनु,

एकदिन मकै छर्न बारीमा जाँदा खाजा खान एउटा रूखमुनि बस्नु र रोटी नून र खुर्सानी निकाल्नु, रोटीलाई सात टुक्रा पारी एक, दुई, तीन, चार, पाँच, छ कि सात खाऊँ भन्दा, संयोगले त्यस रूखमुनि राक्षससहित सातजना बच्चा बस्नु, त्यो सुनेर नखान आग्रह गर्दै राक्षसले खीरपाक ताउली दिनु, दिलबहादुर त्यो लिएर घर जानु, फुपू उसको घरमा आउनु, फुपू छुच्ची र लोभी स्वभावकी भएकाले लैजाने विचार गर्नु



र अर्को त्यस्तै भाँडो त्यहाँ राखी त्यो खीरपाक ताउली लैजानु, अर्को दिन पनि दिलबहादुर रूखमुनि बसेर त्यसरी नै रोटीको टुक्रा गनी खान थाल्दा राक्षस डराएर सुनबङ्कौली बाखी र डाङडुङ लौरी दिनु, फुपूले बाखी पनि लैजानु र लौरी पनि लिन राती आउँदा दिलबहादुरले थाहा पाई लौरीलाई बजा लौरी डाङडुङ भन्दा चोर फुपूलाई लौरीले पिट्नु र फुपूले लगेको खीरपाक ताउली र सुनबङ्कौंली बाखी फिर्ता दिनु, त्यसपछि दिलबहादुर आनन्दसँग बस्नु आदि घटनाक्रम रहेका छन् ।

३.१२.१. विषयवस्तु र चित्र

यस पाठमा तीनओटा चित्रहरू रहेका छन् । पहिलो चित्रमा रूखमुनि राक्षसले दिलबहादुरलाई खीरपाक ताउली दिन लागेको छ । दिलबहादुर खुसी हुँदै हात थापेको छ । दोस्रो चित्रमा सुन बङ्कौली बाखी पाएको दिलबहादुरले बाखीले सुनको बङ्कौला पाएको अनौठो मानेर हेरेको छ भने फुपूले पनि दङ्ग परेर हेरेकी छन् । अन्तिम चित्रमा भने डाङडुङ लौरो पाएको दिलबहादुरको त्यो लौरो चोर्न आएकी फुपूलाई लौरोले पिटेको, फुपू रूँदै कराएको र दिलबहादुर दङ्ग परेको छ । विषयवस्तु र चित्रको तालमेल भएको पाइन्छ । विषयवस्तुअनुसार चित्रको सफल संयोजन भएको पाइन्छ ।

३.१२.२. चित्रको आवश्यकता

मुख्य-मुख्य घटनाहरू, दिलबहादुरले खीरपाक ताउली पाउनु, सुन बङ्कौली बाखी पाउनु, डाङडुङ लौरीले चोर फुपूलाई पिट्नु आदि अनुसार चित्रको संयोजन गरिएको छ । घटनामा रहने चित्रको आवश्यकता यी तीन चित्रहरूले परिपूर्ति गरेको छ ।

३.१२.३. चित्रको रखाइ

प्रत्येक मुख्य-मुख्य घटनालाई समेट्ने गरी चित्रहरू राखिएको छ । प्रत्येक प्रसङ्गको तलपट्टि चित्र राखिएको छ । पहिलो चित्रले पाना वा चार भागको एकभाग ओगटेको छ भने दोस्रो चित्रले तीन भागको एकभाग र अन्तिम चित्रले पानाको आधाभाग ओगटेको छ । प्रत्येक तीन पानामा एक/एकओटा चित्रहरू बनाइएको छ । चित्रको रखाइ पनि उपयुक्त नै छ ।

३.१२.४. पाठ प्रयोजन

दिलबहादुरले खीरपाक ताउली पाउनु, त्यसपछि सुन बङ्कौली बाखी पाउनु, लोभी फुपूले चोर्नु, र लौरो चोर्न जाँदा दिलबहादुरले थाहा पाई लौरोलाई पिट्न आदेश दिँदा पिटाई खानु, फुपूले क्षमा मागी चोरेको सबै चिज फिर्ता गर्नु आदि कुरालाई चित्रले समेटेको छ । खराब प्रवृत्तिले आफूलाई दुःख दिने र लोभले लाभ र लाभले विलाप भन्ने कुरालाई यो तीन चित्रले पुष्टि गरेको छ ।

३.१२.५. सान्दर्भिकता

प्रत्येक चित्रले सान्दर्भिकतालाई बोकेको छ । पहिलो चित्रले खीरपाक ताउलीको सन्दर्भ, दोस्रो चित्रले सुन बङ्कौली बाखीको सन्दर्भ र तेस्रो चित्रले लौरीको करामत र फुपूको असली चरित्र देखाएको छ । पाठमा घटनाअनुसारको चित्रको सन्दर्भ जोडिएको छ ।

३.१२.६. बनोट

पहिलो चित्रमा एउटा रूख छ । रूखमुनि एउटा कालो व्यक्ति दाह्री पालेको पाखुरा र कम्मरमा सेतो माला लगाएको, कम्मरमुनि भुत्लाको कपडा लगाएको छ । उक्त व्यक्तिले ताउली दिन लागेको छ । ताउली चम्केको छ । अर्को मान्छे ताउली लिन हात थापेको छ । अर्को दोस्रो चित्रमा आइमाई, पुरुष र बाखी छ । बाखीले केही बिस्ट्याएको छ, जुन टल्किएको छ । पुरुष र महिलाले त्यो अचम्म मानेर हेरेका छन् । तेस्रो चित्रमा महिलामाथि लौरी प्रहार भएको छ । महिला रुँदै चिच्याएकी छन् । पुरुष विस्तारामा उठेर अच्चम्म मान्दा केही भनिरहेको आभाष हुन्छ । त्यो घरको कोठा जस्तो देखिन्छ । चित्रहरू सबै श्यामश्वेत छन् ।

३.१२.७. सारांश

विद्यार्थीको रुचि र क्षमतालाई यस चित्रले ख्याल गरेको पाइन्छ । विद्यार्थीहरू यी तीन चित्रहरूमा मज्जाले रम्न सक्छन् । चित्रहरू आकर्षक र विषयवस्तु सुहाउँदा छन् ।

३.१३. नरेशको यात्रा

यस नियात्रामा नरेश फुपूको घरमा एक्लै जान लाग्नु र नरेशको बुबाले फुपूको घरसम्म जाने बाटो बताइदिनु, बाटोमा गाडीमा हिँड्दा भ्यालबाट टाउको ननिकाल्न र जे पायो त्यही नखान बुबाले भन्नु, फुपूको घरसम्म जाँदा भक्तपुर, साँगा भञ्ज्याङ, बनेपा, धुलिखेल, पाँचखाल, दोलालघाट, चौतारा पीपलडाँडा हुँदै जानु पर्ने कुरा बुबाले नरेशलाई बताउनु, नरेश गाडी चढ्नु, बाटोमा बजार, रूख, गाउँ अन्य दृश्यले दङ्ग पर्नु, पाँच घण्टा गाडीमा हिँडेर चौतारा पुग्नु, त्यहाँ कृष्ण मन्दिर, वनदेवी मन्दिर र मुख्य-मुख्य कार्यालय रहनु, त्यहाँबाट जुगल र गणेश हिमाल देखिनु,





यसरी पीपलडाँडा हुँदै फुपूको घर पुग्नु, आँगनमा तुलसीको मठ, परालको टौवा, थाँक्रो देख्नु, किरणले नरेशलाई गाउँमा घुमाउन लैजानु, नरेश त्यो मनमोहक दृश्य देखेर दङ्ग पर्नु आदि घटनाक्रम रहेका छन् ।



३.१३.१. विषयवस्तु र चित्र

यस पाठमा चारओटा चित्रहरू रहेका छन् । पहिलो चित्रले नरेशलाई बुबाले नयाँ बसपार्क लगी फुपूको घर जाने बाटो बताएको देखिन्छ । दोस्रो चित्रमा नरेश चौतारा बसपार्क पुगेर फुपूको घर जाने बाटो त्यहाँको मान्छेलाई सोध्दै छ । तेस्रो चित्रमा नरेश गाडीमा बाटोको मनमोहक दृश्य हेर्दै हिँडेको छ भने अन्तिम चित्रमा नरेशलाई किरणले गाउँ घुमाउन लगेको दृश्य छ । यसरी विषयवस्तु र चित्रको सफल श्रृङ्खला भएको पाइन्छ ।

३.१३.२. चित्रको आवश्यकता

नरेशलाई बुबाले बसपार्कमा छोडिदिनु, नरेश गाडीमा सफर गर्नु र गाउँमा पुगेर घुम्नु र रम्नु नियात्राको विषयवस्तु रहेको छ भने सोहीअनुरूप चित्रको संयोजन गरिएको छ । सबै चित्रले आवश्यकताको परिपूर्ति गरेको छ ।

३.१३.३. चित्रको रखाइ

बसपार्कमा बुबाले छोड्न जानु अनि चित्र, चौतारामा पुगेर पीपलडाँडा पुग्ने बाटो सोध्नु अनि चित्र, गाडीमा सयर गर्दा मनमोहक दृश्य हेर्नु अनि चित्र र गाउँमा पुगेर घुमेको चित्र राखिएको छ । तीन पेजको पाठमा पहिलो पेजमा एउटा चित्र, दोस्रो पेजमा दुईओटा चित्र र अन्तिम पेजमा एउटा चित्र राखिएको छ । सबै चित्रहरूले तीनभागको एकभाग ओगटेको छ ।

३.१३.४. पाठ प्रयोजन

नरेश फुपूको घर जाँदा उसले बाटो सोध्दै खोज्दै हिँडेको, बाटोमा मनमोहक दृश्य देखेको र फुपूको घर पुगेर गाउँमा घुम्न हिँडेको, आफूसँग आँट र साहस भए जहाँ पनि पुग्न सकिने, बाटोमा रमाउँदै हिँड्न सकिने मुख्य प्रयोजन पाठको रहेको छ । चित्रमार्फत पनि उक्त प्रयोजन साकार भएको छ ।

३.१३.५. सान्दर्भिकता

नरेशलाई बुबाले बसपार्कमा ल्याएर छाड्नु, त्यसपछि नरेश गाडी चढेर हिँड्नु, चौताराको बसपार्कमा पुगेर फुपूको घर जाने बाटो सोध्नु, त्यसपछि फुपूको घर पुगेर किरणसँग गाउँ घुम्न जानु आदि घटनाक्रमसँग क्रमशः पहिलो, दोस्रो, तेस्रो र चौथो चित्रहरू सान्दर्भिक पाइन्छ। चित्रले मुख्य-मुख्य घटनालाई सान्दर्भित गरेको छ अर्थात् घटना सन्दर्भअनुसार चित्रहरूको संयोजन गरिएको छ ।

३.१३.६. बनोट

पहिलो चित्रमा नयाँ बसपार्क लेखिएको छ । काठमाडौं लेखिएको छ । गाडी पनि छ । गाडीमा ड्राइभर छ । गाडी अगाडि दुईजना मान्छेहरू छन् । गाडी अगाडि एउटा पुरुषले बालकलाई केही भनेर सम्झाएको र बालकले त्यता ध्यान दिएर कुरा सुनेको छ । तेस्रो चित्रमा गाडी हिँडेको छ । गाडीमा मान्छेहरू बसेका छन् । एउटा बालक भ्याल नजिकैबाट बाहिर हेरेको छ । दोस्रो चित्रमा दुईओटा गाडी छन् । अगाडि डोको बोकेकी महिला छिन् । एउटा बालकले केही सोधेको र अर्को व्यक्तिले दायाँतिर हातले देखाएको छ । हातले निर्देश गरेतिर 'चौतारा बस विसौनी सिन्धुपलाञ्चोक' भनी बोर्डमा लेखिएको छ । चौथो र अन्तिम चित्रमा दुईजना बालकहरूमध्ये एकले अर्कोलाई अङ्गालो हाली केही देखाएको छ । औंलाले निर्देश गरेतिर पहाड र घरहरू रहेका छन् । चित्रहरू श्यामश्वेत छन् ।

३.१३.७. सारांश

एउटा बालक घरबाट बाहिर हिँडेर फुपूको घरसम्म पुगेको छ । त्यसलाई चित्रमार्फत पनि पुष्टि गरिएको छ । समग्रमा चित्र विद्यार्थीको रुचि, चाहना र क्षमताअनुरूप रहेको छ ।

३.१४. पशुपन्छी र हाम्रो कर्तव्य

यस संवादमा राजुले गुलेलीले चरा मार्न लाग्दा बटुवाले हा-हा भनेर उडाइदिनु, त्यसपछि राजुको जिज्ञासामा बटुवाले पशुपंक्षीको विनाश नगरी संरक्षण गर्नु पर्ने कुरा बताउनु, अरुले मारे



भन्दैमा आफूले मार्न नहुने र तिनीहरूको राम्रो हेरचाह गर्नुपर्ने कुरा बताउनु, पशुपन्छीको विनाश गर्दा दुर्लभ वन्यजन्तु नाश हुने हुनाले जोगाउनु पर्ने कुरा राख्नु, राजुले जोगाउने उपाय सोध्नु र बटुवाले जीव जनावरको सिकार नगर्ने, दुःख नदिने, जङ्गलको संरक्षण गरेमा जोगाउन सकिने कुरा बताउनु र राजुले राम्रोसँग कुरा बुझेको भन्दै गुलेली फालेर अब कहिल्यै चरा नमार्ने प्रण गर्नु आदि घटनाहरू रहेका छन् ।

३.१४.१. विषयवस्तु र चित्र

यस पाठमा एउटा चित्र छ । चित्रमा राजुले गुलेली ताकेर चरालाई हान्न लाग्नु, त्यसैबेला बटुवाले राजुले गुलेलीले ताकेर चरा मार्न लागेको देखेर हा-हा गरेर चरा उडाइदिनु विषयवस्तु र चित्रको एकाकार घटनाहरू हुन् । विषयवस्तु र चित्रको सफल व्यवस्थापन गरिएको छ ।

३.१४.२. चित्रको आवश्यकता

पाठ शीर्षकअनुसार चित्र उपयुक्त छ । पशुपन्छीलाई मार्नु भनेको पाप हो । त्यसको संरक्षण गर्नु पर्छ भनी चित्रमार्फत देखाइएको छ । जुन आवश्यक पनि छ । दुर्लभ वन्यजन्तु पनि केही बनाउनु पर्ने आवश्यकता देखिन्छ । राजुले गुलेली फालेको चित्र राख्दा समेत अझ पाठको प्रभावकारिता हुने देखिन्छ । आवश्यकताभन्दा कम सङ्ख्यामा चित्रको प्रयोग गरिएको छ ।

३.१४.३. चित्रको रखाइ

यस पाठमा चित्रलाई सुरुमै राखिएको छ । चित्रलाई प्रथम पानाको तीन भागको एकभाग हुने गरी राखिएको छ । चित्रलाई संवादभन्दा अगाडिको पेटबोलीपछि राखेको भए उपयुक्त हुने देखिन्छ ।

३.१४.४. पाठ प्रयोजन

पशुपन्छीको संरक्षण गर्नु हामी चेतनशील र वुद्धिमान प्राणीको कर्तव्य हो । अरुले घोडा चढ्यो भनेर आफूले धुरी चढ्न हुँदैन । दुर्लभ वन्यजन्तुको संरक्षण र बासस्थानको पनि संरक्षण गर्नु पर्छ भन्ने पाठको प्रयोजन रहेको छ भने चित्रमा पनि राजुले गुलेलीले चरा मार्न लाग्दा बटुवाले चरालाई हा-हा गरेर उडाइदिएको छ । यसबाट प्रष्ट हुन्छ कि चित्र र पाठ प्रयोजनबीच तालमेल रहेको छ भन्ने कुरा । चित्रले नै पाठको प्रयोजनबारे प्रष्ट पारेको छ । चित्र आफैँ बोलेको छ ।

३.१४.५. सान्दर्भिकता

चित्र र घटनाको मेल नै सान्दर्भिकता हो । घटना वा विषयवस्तुको मेल चित्रसँग ठ्याक्कै मिलेको छ । राजुले गुलेलीले चरा मार्न लाग्नु र बटुवाले चरालाई धपाउनु चित्र र घटनाबीच तालमेल छ । चित्र सान्दर्भिक छ ।

३.१४.६. बनोट

पाठमा एउटा मात्र चित्र रहेको छ । चित्रमा रूखहरू छन् । जमिनमा घाँसपात पलाएको छ । टोपी, गञ्जी, कट्टु लगाएको व्यक्तिले गुलेलीले चरातिर ताकेको छ । अर्को दायाँ व्यक्तिले चरालाई हा-हा गरेर उडाएको छ । उक्त व्यक्तिले दौरा सुरुवाल, कोट, टोपी लगाएको छ । आकाशमा एउटा चरा उडेको छ ।

३.१४.७. सारांश

राखिएको चित्र उपयुक्त भए पनि अन्य चित्रको पनि आवश्यकता देखिन्छ । यस पाठमा सङ्ख्यात्मक हिसाबले बढी चित्र बनाउनु पर्ने देखिन्छ । स्तर र क्षमताका हिसाबले चित्र उपयुक्त देखिन्छ ।

३.१५. पाप लाग्छ



यस कवितामा फूललाई र कोपिलालाई नटिप्न र नचुँड्न आग्रह गर्नु, पाप लाग्ने कुरा गर्नु, चरालाई समात्दा आँसु लाग्ने, जन्तु मार्दा पनि पाप लाग्ने कुरा गर्नु, धुलो हिलो खेल्दा फोहोरी हुने हुँदा सदा फूलझैं बनेर सुवास छर्न र सदा जगतलाई सत्कर्मको पक्षमा डोऱ्याउन लगाउनु, संसारभरि ईश्वर छन् । त्यसैले अरुलाई छक्याउने, लुकाउने, ढाँट्ने काम नगर्न आग्रह गरिएको छ ।

३.१५.१. विषयवस्तु र चित्र

कविताको भावमा फूल चुँड्दा, जीवजन्तु मार्दा, अरुलाई दुःख दिँदा र झूठो बोली बोल्दा, छल्दा पाप लाग्ने कुरा गरिएको छ तर चित्रमा फूलको बगैंचा छ । चित्र र विषयवस्तुलाई एकाकार गर्न हम्मेहम्मे पर्दछ । कवितासँग चित्रको मेल भएको पाइँदैन । सुरुको श्लोकमा फूल र कोपिला शब्द आएकै भरमा चित्र राख्नु नितान्त अनुपयुक्त छ ।

३.१५.२. चित्रको आश्यकता

यस पाठमा उपर्युक्त चित्रको कुनै आवश्यकता देखिँदैन । बच्चाले फूल चुँडेको, फोहोर खेलेको, झै-झगडा गरेको जस्ता चित्रहरू राख्नु पाठको आवश्यकता हो । विद्यार्थी भुलाउने माध्यम मात्र बन्न सक्छ उपर्युक्त चित्र । शिक्षणमा त्यसले कुनै प्रभाव पार्न सक्दैन । यस चित्रलाई चित्र राख्नु पर्ने मान्यतामा रही राखिएको भान हुन्छ ।

३.१५.३. चित्रको रखाइ

यस चित्रलाई पाठमा दायाँपट्टि लगभग पानाको आधा भागमा राखिएको छ । चित्रको रखाइ उपयुक्त छ । यस चित्रलाई विषयवस्तु सुहाउँदो तरिकाले भने व्यवस्थापन गरिएको पाइँदैन ।

३.१५.४. पाठ प्रयोजन

यस चित्रले पाठले दिन खोजेको सन्देश दिन सकेको छैन । चित्र हेर्ने बित्तिक्कै पाठको प्रयोजन छर्लङ्ग हुनु पर्दछ र चित्रले पाठको सन्देशलाई अनिवार्य बोक्नु पर्दछ तर यस चित्रले पाठको सन्देश कतैबाट पनि बोकेको देखिँदैन । चित्र र पाठ प्रयोजन बीचको तालमेल भएको पाइँदैन ।

३.१५.५. सान्दर्भिकता

पाठअनुसार चित्रले मेल खानु पर्दछ । सान्दर्भिक चित्रको अभावमा सिकाइ प्रभावकारी हुँदैन। अत: यस चित्र र पाठ सान्दर्भिक छैनन् । पाठभन्दा फूल, कोपिला जस्ता शब्दसँग चित्र केही मिल्न आउँछ ।

३.१५.६. बनोट

चित्रमा फूलैफूल छन् । विभिन्न थरीका फूलहरू फूलेका छन् । एउटा पुतली पनि उडेको छ भने दायाँपट्टि चराहरू पनि उडेका देखिन्छन् । चित्र सबै श्यामश्वेत छन् ।

३.१५.७. सारांश

रङ्गीन चित्र भई दिएको भए चित्र निकै आकर्षक हुने देखिन्छ । त्यसमाथि यस चित्र विषयवस्तु, पाठ प्रयोजन, रखाइ र आवश्यकताको दृष्टिले समेत अनुपयुक्त रहेको छ ।

३.१६. पछुतो

यस कथामा एक दिन धनपति नुहाएर पूजापाठ गर्न बस्नु, त्यसैबेला तल्लो गाउँबाट मसिने



आउनु र छोराको न्वारन गर्न आग्रह गर्दा धनपतिले अछुतोको घरमा पाइलै नहाल्ने भनी गाली गर्नु, मसिने नरमाइलो मानेर आफू नै छोराको न्वारन गर्न तम्सिनु र आफैले छोराको न्वारन गर्नु, तीन महिनापछि



धनपति साह्रै विरामी हुनु, शल्यक्रिया गर्नुपर्ने स्थिति देखिनु र रगतको खाँचो पर्नु, पण्डितको रगतसँग मिल्ने रगत कसैसँग पनि नपाइनु, त्यो कुरा मसिनेले थाहा पाउनु र मन बदलेर अस्पताल जानु, रगत दिनु, पण्डितको शल्यक्रिया भई सञ्चो हुँदै आउनु,

डाक्टर र श्रीमतीले मसिनेले दिएको रगतले आफू बाँचेको बताउनु, थाहा पाएर पछुताउनु र मसिनेको घर जानु, भित्रै पसेर उसको छोरो खेलाउनु भोटो दिँदै क्षमायाचना गर्नु, अन्त्यमा दुवैले अङ्गालो हाली तातो चिया पिउनु आदि घटनाक्रम रहेका छन् ।

३.१६.१. विषयवस्तु र चित्र

यस कथामा तीनओटा चित्रहरू रहेका छन् । धनपतिको घरमा मसिने छोरोको न्वारन गरिदिन आग्रह गर्दै जानु, धनपति विरामी भएर अस्पतालमा रहनु, धनपति पछुताउँदै मसिनेको छोरालाई भोटो लगाइदिनु आदि घटनाक्रमसँग चित्रहरू क्रमशः पहिलो, दोस्रो र तेस्रो चित्रहरू मेल खान्छन् । यसरी विषयवस्तु र चित्रको एकाकार गरिएको छ । विषयवस्तुसँग चित्रको सफल संयोजन गरिएको छ ।

३.१६.२. चित्रको आवश्यकता

यस कथामा धनपतिको घरमा मसिने आफ्नो छोरोको न्वारन गरिदिन आग्रह गर्न पुग्नु, धनपति विरामी हुनु, मसिनेले धनपतिलाई जीवनदान दिनु र अन्त्यमा धनपति मसिनेसँग पछुताउनु र क्षमा माग्नु जस्ता मुख्य घटनाहरू रहेका छन् । यी घटनाअनुसारको चित्रको खाँचो पाठमा पर्दछ। मासिनेले धनपतिलाई जीवनदान दिएको चित्रको अभाव खड्किएको छ । अरु सबै उपयुक्त छन् ।

३.१६.३. चित्रको रखाइ

यस पाठमा पहिलो चित्रलाई पाठको शीर्ष खण्डमै र प्रसङ्गपछि राखिएको छ । त्यसैगरी दोस्रो चित्रलाई प्रसङ्गपछि राखिएको छ । तेस्रो चित्रलाई पनि प्रसङ्गपछि नै राखिएको छ । विषयवस्तुलाई चित्रले अझ प्रष्टसँग बुझाउने भएकाले विषयवस्तुपछि राखिएको चित्रहरू सान्दर्भिक छन् । पाठको जम्मा चार पेजमध्ये तीन पेजमा प्रत्येक पानाको तीन भागको एकभागमा चित्र समेटिएको छ ।

३.१६.४. पाठ प्रयोजन

पहिलो चित्रले मसिने आफ्नो छोराको न्वारन गर्न धनपति पण्डितसँग भन्न आएको प्रसङ्ग वा घटनासँग जोडिएको छ । दोस्रो चित्रमा धनपति बिरामी भएर अस्पतालमा उपचार गर्न लागेको घटना जोडिएको छ । तेस्रो चित्रसँग धनपति मसिनेसँग क्षमा माग्न र उसको छोरालाई भोटो लगिदिएको प्रसङ्गसँग जोडिएको छ । धनपतिलाई जीवनदान दिएको घटनासँग भने चित्रलाई नजोड्ने पाठ प्रयोजनको दृष्टिले समेत कमजोर देखिन्छ ।

३.१६.५. सान्दर्भिकता

प्रसङ्गअनुसार चित्रहरू एकाकार भएका छन् । घटनाको सापेक्षतामा चित्रहरू रहेका छन् । मसिने आफ्नो छोराको न्वारन गराइदिन धनपतिको घर पुग्नु, पहिलो चित्रसँग सान्दर्भित गर्न खोजिएको छ भने धनपति बिरामी भएर अस्पतालको शैयामा छटपटाएको प्रसङ्गसँग दोस्रो चित्र र

धनपति पछुताएर मसिनेको घरमा क्षमा माग्न गएको घटनासँग तेस्रो चित्र सान्दर्भित गर्न खोजिएको छ, जुन कार्य अत्यन्त सफल र प्रभावकारी बनेको छ ।

३.१६.६. बनोट

पहिलो चित्रमा दुईजना व्यक्ति रहेका छन् । खाटमा एउटा दौरा सुरुवाल र टोपीमा सजिएको छ भने, अगाडि किताब पनि छ । अर्को व्यक्ति उभिएको छ र केही भनिरहेको बुझ्न सकिन्छ । दोस्रो चित्रमा एउटा विरामी जस्तो देखिन्छ एप्रोन लगाएर डाक्टरले जाँच्दै छ । वरिपरि चारजना मान्छेहरू छन् । तेस्रो चित्रमा एकजना आइमाईले काखमा बच्चा राखेको चित्र छ भने दायाँतिर एउटा बूढो मान्छेले हातमा कपडा देखाएको छ उक्त आइमाईलाई । पछाडि भित्तामा कपडा झुण्ड्याइएको छ । चित्र अलि अस्पष्ट छ । चित्र त्यति आकर्षक देखिँदैन । सबै चित्र श्यामश्वेत छन् ।

३.१६.७. सारांश

अन्य चित्रको तुलनामा चित्र स्पष्ट छैन । विषय, सान्दर्भिकता र पाठ प्रयोजनका दृष्टिले यी तीनओटा चित्र उपयुक्त छन् तर धनपतिलाई जीवनदान दिएको चित्रको अभाव देखिन्छ ।

३.१७. बाल बालिकाको अधिकार

यो पाठ प्रथम पुरुष शैलीमा वा आत्मपरक शैलीमा लेखिएको छ । बाल अधिकारको कुरा उठाइएको यस पाठमा बाल बालिकाहरूलाई शिक्षा अनिवार्य दिनु पर्ने पढ्न पाउनु पर्ने, खेल्न पाउनु पर्ने, अधिकार सुरक्षित गर्नुपर्ने कुरा गर्नु, बाल श्रमिक, सडक बाल बालिकाको कुरा गर्दै कामदार बनाएर दमन गरिएको कुरा पनि उल्लेख गर्नु, यसरी अन्याय, दमनबाट मुक्ति पाउन घरैबाट सङ्घर्ष गर्नुपर्ने, बाल सङ्गठन बनाइ समूहमा छलफल गर्नाले अधिकार पाइने कुरा उल्लेख गर्नु, जबरजस्ती काममा लगाउन नहुने, ठूलाले पनि बाल अधिकारको कुरा गर्नु, सन्धि सम्झौता गर्नु, यसरी

परिवारले बालबालिकालाई समान अवसर, बाँच्न पाउने, खेल्न पाउने, पढ्न पाउने अधिकार दिनुपर्ने कुरा पाठमा उल्लेख गरिएको छ ।

३.१७.१. विषयवस्तु र चित्र

यस पाठमा दुईओटा चित्रहरू रहेका छन् । चित्रमा बालबालिकाहरूले पढ्न लागेको र चित्र बनाउन लागेको देखिन्छ । बालबालिकाले पढ्न पाउनु पर्ने, सिर्जनात्मक क्षमताको विकास गर्न पाउने अधिकारसँग चित्र मेल खान्छ । त्यस्तै दोस्रो चित्र पनि बाल अधिकारसँग नै सम्बन्धित छ । बालबालिकाले खेल्न पाउनु पर्ने अधिकारलाई चित्रले पुष्टि गर्न खोजेको छ । बालबालिकाका अधिकारअन्तर्गत पढ्न पाउनु पर्ने, सिर्जनात्मक क्षमता प्रस्फूटन पाउनुपर्ने, सपाङ्ग र अपाङ्ग बालबालिका सबैले खेल्न पाउनुपर्ने कुरालाई यस पाठका दुईओटा चित्रहरूले थप पुष्टि गरेको छ ।

३.१७.२. चित्रको आवश्यकता

यस पाठमा दुईओटा चित्रहरू रहेका छन् । बाल अधिकारको विषयवस्तुसँग चित्रहरू मेल खाएका छन् । बालबालिकाको पढ्न र खेल्न पाउने अधिकारसँग यी दुई चित्र ठीक छन् तापनि बाल अधिकारसँग सम्बन्धित घरेलु कामदार वा बाल श्रमिकको कुरा दर्शाउने चित्रको आवश्यकता समेत पाठमा देखिन्छ । बाल कामदारको चित्र बनाउँदा उनीहरूको वर्तमान अवस्था देखेर विद्यार्थीमा अधिकारका सम्बन्धमा सचेत गराउनु पर्दछ । त्यसतर्फ ख्याल गरिएको देखिँदैन ।

३.१७.३. चित्रको रखाइ

यस पाठमा रहेको दुईओटै चित्रहरूलाई दुई पानामा राखिएको छ । ती चित्रहरूमध्ये पहिलो चित्र त्यस पानाको छभागको एकभागमा पानाको दायाँपट्टि बीचमा राखिएको छ । त्यस्तै, दोस्रो चित्र पनि अर्को पानाको छभागको एकभागमा पानाको वायाँपट्टि बीच भागमा पर्ने गरी राखिएको छ । चित्रको रखाइ उपयुक्त छ ।

३.१७.४. पाठ प्रयोजन

यस पाठमा रहेका चित्रहरू पूर्ण रूपमा पाठ प्रयोजनमा आधारित रहेको देखिन्छ । बाल बालिकाहरूको पढ्न पाउनुपर्ने, सिर्जनात्मक क्षमताको विकास गर्न पाउनुपर्ने, अपाङ्ग र सपाङ्ग जस्ता बाल बालिकाहरूले पनि पढ्न, खेल्न पाउनुपर्ने, बाल बालिकाको अधिकारलाई चित्रले देखाएको छ । अतः चित्र पाठ प्रयोजनमा आधारित रहेको देखिन्छ ।

३.१७.५. सान्दर्भिकता

बालबालिकाको अधिकारको बारेमा पाठमा चर्चा परिचर्चा गरिएको छ । बालबालिकाहरू पढ्न, खेल्न, हिँड्न, खान, बाँच्न पाउनु पर्ने समान अधिकारको आवश्यकता पर्दछ भनी पाठमा बताइएको छ । सोहीअनुरूप चित्रलाई पनि जोडिएको छ । चित्र विषय सान्दर्भिक देखिन्छ ।

३.१७.६. बनोट

पहिलो चित्रमा दुईजना बालबालिकाहरू छन् । बालक रूखमा अडेस लागेर किताब पढ्न बसेको छ । उसले एउटा घुँडामाथि अर्को खुट्टा राखेको छ । नजिकै किताबहरू र ढुङ्गा पनि छन् । त्यस्तै घोप्टो परेर बालिकाले पहाड र सूर्यको चित्र बनाइरहेकी देखिन्छ । अर्को चित्रमा पाँचजना बालबालिकाहरू रहेका छन् । अगाडिका बाल बालिका वल खेल्दै छन् । वल बालिकाको खुट्टामा छ । अलि पर एउटा अपाङ्ग बालक ह्वीलचेयरमा बसेर र सवालाङ्ग बालिका उभिएर डोरीले स्पिकिङ खेल खेलेको देखिन्छ । चित्र आकर्षक छैन । दुवै चित्र प्रत्येक पानाको छभागको एकभागमा राखिएको छ । दुवै चित्रहरू श्यामश्वेत छन् ।

३.१७.७. सारांश

चित्र विषयवस्तु सान्दर्भिक, पाठ प्रयोजनका दृष्टिले उत्कृष्ट भए तापनि सङ्ख्यात्मक पाठ प्रयोजनका दृष्टिले कम देखिन्छ । चित्रको सङ्ख्या कम देखिन्छ । चित्र अनाकर्षक छ ।

३.१८. लक्ष्य

पारसमणि प्रधानद्वारा रचित यस कवितामा निश्चित लक्ष्य लिएर अगाडि बढ्ने मान्छेको उन्नति हुने, एक चित्त र ध्यान दिएर काममा लागी पर्दा काम सफल हुने, उसैको नाम चल्ने, अर्जुनको जस्तै लक्ष्य लिने मान्छे सफल हुने, लक्ष्यबिना मानिस यो संसारमा काम नलाग्ने, सन्तोषम् परम् सुखम् हुने लक्ष्यबिनाको मान्छे मान्छे हुन नसक्ने, मान्छे साँच्चै बाँदरजस्तो हुने, बिना लक्ष्य एक चित्त नभएर काममा नलागी दशतिर मन डुलाउने प्रवृत्तिले लक्ष्य प्राप्ति नहुने कुरा उल्लेख गरिनु आदि भावार्थ रहेको छ ।



३.१८.१. विषयवस्तु र चित्र

चित्रमा रूखको एउटा हाँगामा माछा झुण्ड्याएर एउटा मान्छेले वाण हान्न लागेको देखिन्छ। कवितामा अर्जुनको जस्तै दृढ अठोट, आत्मविश्वास, लगनशीलता र लक्ष्य भए काममा सफलता मिल्ने र लक्ष्य भएको मानिस साँच्चै अर्जुनजस्तै हुने कुरा गरिएको छ । यस भावार्थअनुरूप चित्रलाई हेर्दा अर्जुनले वाण सोज्याएर रूखको हाँगामा राखेको माछालाई हान्न खोजिएको छ । भावार्थ र चित्रमा मेल खान्छ ।

३.१८.२. चित्रको आवश्यकता

यस कवितामा एउटा मात्र चित्र प्रयोग गरिएको छ । वाणको तीर ताकेर माछालाई हान्न खोज्नु पाठमा यस चित्रको आवश्यकता खासै देखिँदैन । पढेर डाक्टर, पाइलट बनेको चित्र देखाउँदा समसामयिक र आधुनिक चित्र बन्ने देखिन्छ । पुरानो सन्दर्भलाई चित्रले इङ्गित गरे तापनि समसामयिक लक्ष्यलाई बोध गर्न चित्र त्यति प्रभावकारी नहुने देखिन्छ ।

३.१८.३. चित्रको रखाइ

एउटा पानाको तलपट्टि तीनभागको एकभाग समेटेर बनाइएको छ । अर्जुनको प्रसङ्गपछि चित्रलाई राखेमा चित्रको प्रभावकारिता बढ्ने देखिन्छ । चित्रको रखाइ उपयुक्त देखिँदैन ।

३.१८.४. पाठ प्रयोजन

यस चित्र पाठ प्रयोजनका दृष्टिले उपयुक्त छ । अर्जुनको जस्तो लक्ष्य लिएर काम गरेमा मानिस काममा सफल हुने कुरा दृष्टान्तको रूपमा भनिएको छ र सोहीअनुरूप चित्रमा पनि अर्जुनले झैं लक्ष्य र सङ्कल्पअनुरूप माछालाई तीर हान्न लागेको देखाइएको छ । लक्ष्य लिएर हिँड्ने मान्छे काममा सफल हुने, एक चित्त भएर काम गरे सफल भइने भावार्थअनुरूप चित्र मेल खाएको हुनाले चित्र र पाठ प्रयोजनबीच तालमेल मिलेको देखिन्छ ।

३.१८.५. सान्दर्भिकता

चित्र र प्रसङ्ग सान्दर्भिक देखिन्छ । अर्जुनको प्रसङ्ग वा सन्दर्भलाई कोट्याएर चित्र पनि अर्जुनको लक्ष्य र एकाग्रतालाई जोडेर बनाइएको छ । चित्रमा अर्जुनले तीर हान्न लागेको र अर्जुनको अथक प्रयास र दृढ आत्मविश्वासले वाण चलाउन सिपालु भएको प्रसङ्ग र सन्दर्भ कोट्याएर चित्र पनि सोही कुराको झल्को दिने गरी बनाइएको छ ।

३.१८.६. बनोट

चित्रमा एउटा लामो कपाल पालेको दौरा लगाएको कछाड बाँधेको व्यक्तिले वाणमा तीर राखेर रूखमा झुण्ड्याइएको माछालाई ताकेको देखिन्छ । माछा रूखको एउटा हाँगामा बाँधेर राखिएको छ । माछा टल्किएको छ । त्यस मान्छेको पछाडिपट्टि पनि बुट्यान देखिन्छन् । चित्र श्यामश्वेत देखिन्छ ।

३.१८.७. सारांश

चित्र खासै आकर्षक देखिँदैन । पाठको प्रयोजनमा त्यो एउटा चित्र त्यति सफल देखिँदैन । सान्दर्भिकता र विषयवस्तुको तालमेलमा चित्र भने मिलेको देखिन्छ । विद्यार्थीमा चित्रले स्वाभाविक रूपमा ज्ञान हासिल गराउन सहयोग पुग्ने देखिँदैन । शिक्षकले प्रसङ्ग र चित्रको कुरा कोट्याउँदा मात्र चित्रको अर्थ विद्यार्थीहरूले बुझ्ने देखिन्छ ।

३.१९. सत्यकामको अठोट

यस कथामा जङ्गलको बीचमा महर्षि गौतमको आश्रम हुनु, त्यहाँ चेलाहरूलाई शिक्षा



दिइरहनु, त्यहीबेला गरिब, लुगा च्यातिएको, टालिएको बालक आएर आफूलाई पनि पढाउन आग्रह गर्दा महर्षिले कसको छोरो भनी सोध्दा बुबाको बारेमा बताउन नसक्नु, त्यसपछि बालकलाई अरु चेलाले गिज्याउन थाल्नु, त्यसपछि बुबाको बारेमा आमासँग सोध्न घरतर्फ लाग्नु, घरमा आएर आमालाई सारा कुरा बताउनु, आमाले अनावश्यक कुरा सोध्ने ठाउँमा नपढ्न आग्रह गर्नु तर बालकले त्यही आश्रममा पढ्ने ढिपी

गर्नु र बुबाको नाम बताउन आग्रह गर्दा आमाले जाबालाको छोरा मात्र भन्न लगाउनु, बालक आश्रमतिर लाग्नु र आमाले सिकाएको कुरो भन्नु, बालकले बाबुको नाम सोध्दा आमाको नाम बताएकाले सबै चेलाहरू हाँस्नु तर ऋषिले विचारेर पढ्ने बालकलाई शिक्षा दिनु कर्तव्य ठानी पढ्न बोलाउनु, बालकको नाम सत्यकाम

राखिदिनु, सत्यकाम प्रतिभावान् भएको हुनाले पछि ठूलो विद्वान र ज्ञानी हुनु, यसरी राम्रो अवसर पाए जो पनि असल मान्छे हुने यसका लागि परिश्रम लगन र कर्तव्यलाई महत्त्व दिनु, गुरूको धर्म पनि बालकको प्रतिभा विकास गर्न मद्दत गर्नु आदि घटनाक्रम समेटिएको छ ।

३.१९.१. विषयवस्तु र चित्र

यस पाठमा चारओटा चित्रहरू रहेका छन् । कथामा गरिब बालक महर्षिले चेलाहरूलाई पढाइरहेको बेलामा आएको र आफूलाई पढाउन आग्रह गर्दा बुबाको नाम ऋषिले सोध्दा नजानेर चेलाहरूले गिज्याएको, त्यो दुःखको कुरा र आफ्नो बाबुको बारेमा आमालाई सोध्दा आमाले त्यहाँ नपढ्न र अन्तै पढ्न आग्रह गर्दा ढिपी गरेर त्यहीँ पढ्ने कुरा गर्दा आफ्नो नामै बुबाको नाम हो भनी पठाएको र त्यो बालक पढेर पछि प्रतिभाशाली र विद्वान भएको कुरा रहेको छ । सोहीअनुरूप चित्रमा पनि देखाइएको छ । विषयवस्तु र चित्रको तालमेल मिलेको देखिन्छ ।

३.१९.२. चित्रको आवश्यकता

यस पाठमा मुख्य-मुख्य घटनाहरूलाई चित्रमा पनि देखाइएको छ । बालक महर्षिकहाँ पढ्ने इच्छाले जानु, त्यहाँ बाबुको नाम नजान्नाले आफूलाई गिज्याउनु, आमालाई सबै कुरा भन्दा आमाले सम्झाउनु अनि पढ्ने रहर पूरा भई बालक 'सत्यकाम' भई एक दिन ठूलो र प्रतिभाशाली मान्छे हुनु जस्ता मुख्य-मुख्य घटनाहरूलाई चित्रले थप पुष्ट्याइँ गरेको छ । सबै चित्रको आवश्यकता देखिन्छ । तुलनात्मक हिसाबले विषयवस्तुसँग मेल नखाने र बढी वा कम चित्रको प्रयोग गरिएको पाइँदैन ।

३.१९.३. चित्रको रखाइ

चारओटा चित्रहरू समेटिएको यस पाठमा प्रत्येक मुख्य-मुख्य प्रसङ्गको बीचमा वा तल चित्रलाई राखिएको छ । तीन पृष्ठको पाठमा चारओटा चित्रहरू राखिएको छ । पहिला दुई पृष्ठमा एक-एकओटा चित्रहरू राखिएको छ भने अन्तिम पृष्ठमा दुईओटा चित्रहरू राखिएको छ । पहिला दुईओटा चित्रहरू मध्ये प्रत्येक पेजको चार भागको एकभाग समेटेर राखिएको छ भने अन्तिम पेजका दुईओटा चित्रहरू तेस्रो चित्र सानो छ भने अन्तिम चित्र ठूलो छ । तीन भागमा दुईभाग चित्रले ओगटेको छ । चित्रको रखाइ उपयुक्त र मिलेको देखिन्छ ।

३.१९.४. पाठ प्रयोजन

प्रत्येक चित्रहरू पाठ प्रयोजनका दृष्टिले उपयुक्त रहेका छैनन् । पहिलो चित्रले बालक महर्षिको आश्रममा आफूलाई पनि चेलो बनाइ पढाउन आग्रह गर्दै आएको प्रयोजनलाई इङ्गित गरेको छ । दोस्रो चित्रले बालकले बाबुको नाम नजान्दा अन्य चेलाहरूले गिज्याएको कुरालाई पुष्टि गरेको छ । तेस्रो चित्रले बालकलाई सम्झाएको कुरालाई र चौथो चित्रले बालक पछि गएर प्रतिभाशाली र विद्वान बनेको कुरालाई पुष्टि गरेको छ । यसरी पाठ प्रयोजनलाई प्रत्येक चित्रहरूले समेटेको पाइँदैन । गरिब बालक भनिएको छ तर गरिबीको सङ्केत चित्रमा छैन ।

३.१९.५. सान्दर्भिकता

प्रत्येक चित्रहरू सान्दर्भिक छन् । बालक महर्षिको आश्रममा पढ्नको लागि विन्ती गर्न गएको सन्दर्भ, बालकले बाबुको नाम नजान्दाको सन्दर्भ, आमाले सम्झाएको सन्दर्भ र बालक ठूलो भएर विद्वान बनेको सन्दर्भलाई चित्रले सन्दर्भाङ्कित गरेको छ । सबै चित्र विषय र प्रयोजन सान्दर्भिक छन् ।

३.१९.६. बनोट

पहिलो चित्रमा रूखमुनि लामो कपाल र दाह्री पालेको व्यक्ति धोती लगाएर औंला देखाएर केही भनिरहेको देखिन्छ । भुइँमा बसेका तीन बालकहरू उभिएको बालकतिर हेरिरहेका छन् । उभिएको बालकले लौरीमा केही पोको बोकेको छ र दुई हात जोरेर नमस्कार गरेको छ । दोस्रो चित्रमा रूखमुनि कपाल र दाह्री पालेको व्यक्ति धोती लगाएर बसेको छ । तीनओटा बालकहरू हाँसेका छन् । लौरो टेकेर उभिएको बालकको अनुहार रुञ्चे देखिन्छ । तेस्रो चित्रमा एउटा सारी चोलो लगाएकी आइमाई खाटमा बसेर हातको पार लगाउँदै केही भनिरहेकी र एउटा सानो बालक त्यतै फर्केर केही सुनेको आभाष हुन्छ । चौथो वा अन्तिम चित्रमा चराको प्वाँखले पानामा एउटा व्यक्तिले केही लेखिरहेको देखिन्छ । उक्त मान्छेको अगाडि गीता, रामायण लेखिएको र अन्य त्यस्तै नलेखिएको पुस्तकहरू यत्रतत्र छन् । उक्त व्यक्तिले केही लेखिरहेको छ । चित्रहरू सबै श्यामश्वेत देखिन्छ ।

३.१९.७. सारांश

पाठ प्रयोजनका दृष्टिले चित्र त्यति उपयुक्त छैन । गरिब बालक भनेर चित्रमा बालकको लवाइमा कुनै गरिबी देखिँदैन । अन्य आधारमा चित्रलाई हेर्दा उपयुक्त नै देखिन्छ । चित्र आकर्षक र कथाको दृष्टिले पनि सन्तोषजनक नै मानिन्छ ।

३.२०. आधुनिक सञ्चार

भाइबहिनीलाई संबोधनात्मक प्रस्तुति गरी लेखिएको यस प्रबन्धमा सञ्चारका साधनहरूको



परिचय, वर्णन, फाइदा र महत्त्व, आवश्यकता र चुनौतिको वर्णन गरिनु, पहिले चिठी पठाउन गाह्रो हुनु, विस्तारै सञ्चारका साधनमा टेलिफोन, टेलिभिजन, कम्प्युटर आविष्कार हुनु, त्यसपछि इमेल जस्तो विद्युतीय





हुलाकको विकास हुनु, यसरी सञ्चारका साधनमा रेडियो, टेलिफोन, टेलिभिजन, इमेल, इन्टरनेट हुनु, त्यसले गर्दा सञ्चारको छिटो आदानप्रदान हुनु, बिद्युत नपुगेको ठाउँमा ब्याट्री र सौर्य शक्तिबाट चलाउन सकिनु, छिटो छरितो र भरपर्दो हुनु, मानिसहरू आकर्षित हुनु, आजको समयमा यस्ता सञ्चारका साधनको उपयोग अत्यावश्यकीय हुनु, जसले गर्दा उपयोग गर्ने प्रयत्न गर्नु पर्ने कुरा उल्लेख गरिएको छ ।

३.२०.१. विषयवस्तु र चित्र

पाठमा सञ्चारका साधनहरूको परिचय, वर्णन, महत्त्व, आवश्यकता र फाइदाको वर्णन गरिएको छ। सोहीअनुरूप चित्रको प्रयोग गरिएको छ । विषयवस्तुमा सञ्चारका साधानहरू के-के थिए ? सो बारेमा वर्णन गरिएको छ । चित्र पनि सोहीअनुरूप रहेको पाइन्छ । चित्र र विषयको सफल व्यवस्थापन भएको पाइन्छ ।

३.२०.२. चित्रको आवश्यकता

आधुनिक सञ्चार भनी प्रबन्धलाई शीर्षकीकृत गरिसकेपछि सञ्चारका साधनको चित्र दिइनु आवश्यकीय ठहर्छ । सोहीअनुरूप चित्रको संयोजन गरिएको छ । आजका सञ्चारका साधनमा रेडियो, टेलिफोन, टेलिभिजन, कम्प्युटर, इमेल, इन्टरनेट आदि रहेका छन् । ती सबैको चित्र आवश्यक ठहर्छ । सोहीअनुसार चित्र पनि राखिएको छ ।

३.२०.३. चित्रको रखाइ

यस पाठमा चारओटा चित्रहरू रहेका छन् । पहिलो चित्रलाई पहिलो पेजमा, दोस्रो चित्रलाई दोस्रो पेजमा र तेस्रो र चौथो चित्रलाई अन्तिम तथा तेस्रो पेजमा राखिएको छ । चित्रलाई प्रसङ्गसापेक्ष भन्दा निरपेक्ष तरिकाले राखिएको छ । सञ्चारका माध्यममको लिस्ट भनेझैं राखिएको छ । चित्रको रखाइ व्यवस्थित र विषय सन्तुलित रहेको पाइँदैन ।

३.२०.४. पाठ प्रयोजन

चित्र पाठ प्रयोजनका दृष्टिले मिलेको देखिन्छ । पाठको मुख्य-मुख्य उद्देश्य बालबालिकाहरूमा आधुनिक सञ्चार लगायत पुरानो सञ्चारको माध्यमको जानकारी दिनु रहेकोले चित्रले पनि सोही कुरालाई पुष्टि गरेको छ । पहिलो चित्रमा परेवाले कागज समातेको, दोस्रो चित्रमा कम्प्युटरमा विद्यार्थी बसेको, तेस्रो र चौथो चित्रले टेलिभिजन हेरेको र टेलिफोन गरेको देखाएको छ ।

३.२०.५. सान्दर्भिकता

पाठगत सन्दर्भलाई चित्रले समेटे तापनि प्रसङ्गगत र अनुच्छेदगत सन्दर्भलाई चित्रले ख्याल गरेको देखिँदैन । परेवाले हुलाकीको प्रसङ्ग आएपछि पहिलो चित्र उपयुक्त र कम्प्युटरको प्रसङ्गपछि दोस्रो चित्र उपयुक्त रहे तापनि तेस्रो र चौथो चित्रले त्यति सान्दर्भिकता बोकेको देखिँदैन । प्रसङ्गगत सान्दर्भिकता नरहे तापनि पाठगत सान्दर्भिकताले गर्दा चित्र बुझ्न खासै अप्ठेरो पर्दैन ।

३.२०.६. बनोट

पहिलो चित्रमा परेवाको चुच्चोमा कागजको टुक्रा छ । परेवा उडेको छ । दोस्रो चित्रमा बाल बालिकाहरू कम्प्युटर खोलेर बसेका देखिन्छन् । यो चित्रभन्दा पनि फोटो जस्तो देखिन्छ । तेस्रो चित्रमा बालबालिकाहरू टेबुलमा टि.भी. हेरिरहेका छन् । चौथो चित्रमा सर्ट लगाएर कपालमा दुई चुल्ठो बाँधेर फोन कानमा राखी कुराकानी गरेको आभाष हुन्छ । चित्रहरू सबै श्यामश्वेत छन् ।

३.२०.७. सारांश

चित्र आकर्षक छैन । तीनओटा (पहिलो, तेस्रो र चौथो) चित्र निकै सानो अर्थात् पानाको आठ भागको एकभाग ओगटेको देखिन्छ । जुन चित्रकारद्वारा कोरिएको छ । दोस्रो चित्रले पानाको तीनभागको एकभाग ओगटेको पाइन्छ । त्यो चित्रभन्दा फोटोझैं देखिन्छ । चित्रले विद्यार्थीलाई त्यति आकर्षित गर्न सक्ने देखिँदैन ।

परिच्छेद-चार

लिङ्ग, जाति तथा भौगोलिकताका आधारमा चित्रहरूको विश्लेषण

४.१. परिचय

कक्षा चारको **मेरो नेपाली** पाठ्यपुस्तकका पाठमा विभिन्न किसिमका चित्रहरू राखिएका छन् । लिङ्ग, जाति र भौगोलिकताका आधारमा चित्रहरूको विश्लेषण गरिएको छ । लिङ्गका आधारमा पुलिङ्ग, स्त्रीलिङ्ग, नपुषकलिङ्ग, जातिका आधारमा ब्राह्मण, क्षेत्री, आदि, भौगोलिकताको आधारमा हिमाल, पहाड, तराइ, गाउँ, सहर आदि चित्रको विश्लेषण गरिन्छ ।

४.२. पाठगत आधारमा विश्लेषण

"गाउँछ गीत नेपाली" शीर्षकको पाठ १ (कविता) मा एउटा मात्र चित्रको प्रयोग गरिएको छ । नेपालीको वीरताको गुणगान गाइएको यस पाठमा दुई जना मानिसमध्ये केटा र केटीको चित्र राखिएको छ । पुरुष र महिलाको पहिरनले हालको अवस्थामा पहाडी क्षेत्रको र बाहुन सम्प्रदायको प्रतिनिधित्व गर्दछ ।

'धनको घमण्ड' शीर्षकको पाठ २ (कथा) मा चित्रहरू तीनओटा रहेका छन् । कुवेरको धनको घमण्ड गणेशले तोडेको र घमण्डले आफैलाई नाश गर्ने सन्देश दिन खोजिएको यस कथामा पहिलो चित्रमा दुईजना पुरुष छन्, दोस्रो चित्रमा दुईजना पुरुष र तेस्रो चित्रमा तीनजना पुरुष रहेका छन् । पहिलो र दोस्रो चित्रले भौगोलिक क्षेत्रलाई सङ्केत नगरे तापनि तेस्रो चित्रले हिमाली क्षेत्रको प्रतिनिधित्व गरेको छ ।

'बचत गर्ने वानी' शीर्षकको पाठ ३ (प्रबन्ध) मा एउटा चित्र रहेको छ । पैसा बचत गरी आवश्यक परेको बेलामा त्यसको उपयोग गर्न सहज हुने कुरा पाठको मुख्य उद्देश्य रहेको यस प्रबन्धमा तीनजना पुरुष र तीनजना महिलाको चित्र रहेको छ । चित्रमा सहरको प्रतिनिधित्व हुने गरी बैंकको चित्र बनाइएको छ । चित्रले सम्पन्न र शिक्षित वर्गका मानिसको प्रतिनिधित्व गर्दछ ।

'नौलाख तारा' शीर्षकको पाठ ४ (कविता) मा पाँचओटा चित्रहरू रहेका छन् । चित्रमा लिङ्गहीन चित्रहरू र जातिहीन चित्रहरू छन् भने पहिलो चित्रले आकाशको प्रतिनिधित्व, दोस्रो चित्रले हिमाल, तेस्रो चित्रले पहाड, चौथो र पाँचौं चित्रले पनि पहाडको भौगोलिकताको चित्रण

गरेको पाइन्छ । आकाशका ताराको गुणगान गाएर लेखिएको यस कविताका चित्रहरू विषयवस्तु अनुपयुक्त देखिन्छन् ।

'नीमको पात' शीर्षकको पाठ ५ (कथा) मा तीनओटा चित्रहरू रहेका छन् । जुन काम र व्यवहार तिमीलाई मन पर्दैन त्यो काम र व्यवहार अरुलाई पनि नगर्नु भनी कथाले सन्देश दिएको छ । पहिलो चित्रमा दुईजना पुरुष पात्र, एउटा व्यक्तिको जुङ्गा भएकाले एउटा वाहुन र अर्को वाहुनइतर छ । एउटा पुरुष बसेको रूख पीपलको भएकाले तराई क्षेत्रको आँकलन गर्न सकिन्छ । त्यस्तै दोस्रो चित्रमा दुईजना पुरुष, त्यसमा एउटा बालक छ । ठाउँ सम्म परेकाले त्यो ठाउँ तराइको क्षेत्र भन्न सकिन्छ । तेस्रो चित्रमा पनि दुईजना पुरुष रहेका छन् । तीमध्ये एकजना बालक रहेको छ । क्षेत्रगत हिसाबमा तराई क्षेत्र हो ।

'बाग्मती नदी' शीर्षकको पाठ ६ (प्रबन्ध) मा बाग्मती नदीको उत्पत्ति परिचय, महत्त्व, वर्तमान अवस्थाको चित्रण गरिएको छ । तीनओटा चित्रहरू रहेको यस पाठमा पहिलो र तेस्रो चित्रमा लिङ्गहरू कुनै रहेका छैनन् । दोस्रो चित्रमा दुईजना पुरुष पात्रहरूको चित्र रहेको छ । ती पात्रहरू ब्राह्मण हुन् । त्यस्तै भौगोलिकताको आधारमा चित्रलाई हेर्दा पहिलो चित्रले पहाडको प्रतिनिधित्व, दोस्रो चित्रले सहरी क्षेत्रको र तेस्रो चित्रले पनि सहरी क्षेत्रको प्रतिनिधित्व गरेको छ ।

'बिहेको निम्तो' शीर्षकको पाठ ७ (कथा) मा असल वानी सिकाइ, अतिथि सत्कार र दाइजो प्रथाको विरोध गर्नु मुख्य उद्देश्य रहेको छ । यस पाठमा तीनओटा चित्रहरू रहेका छन् । पहिलो चित्रमा एकजना पुरुष र अर्कोमा बालिका रहेको छ । घरको ढोकामा रहेको पहिलो चित्रले बाहुन र हिन्दू धर्मावलम्बीको सङ्केत गर्दछ । दोस्रो र तेस्रो चित्रमा पनि एक बालिका र अर्को पुरुष पात्रको चित्र रहेका छन् । ती चित्रहरूले ब्राह्मण जातिको सङ्केत गरेको छ । भौगोलिकताको सन्दर्भमा चित्र अनभिज्ञ छ । चित्रमा कुनै भूगोलको सङ्केत गरिएको छैन ।

'दाजुभाइ र बूढाबा' शीर्षकको पाठ ८ (कथा) मा गुनले बैगुनलाई पगाल्ने कुरा र रगतको नाताभन्दा भावनाको नाता बलियो हुने कुरा उल्लेख गरिएको छ । तीन पृष्ठको यस पाठ(कथा)मा ६ ओटा चित्रहरू रहेका छन् । पहिलो चित्रमा दुईजना पुरुष पात्र, उनीहरूको भेषभूषा हेर्दा ब्राह्मण र भौगोलिकताका आधारमा पहाडी परिवेश हो भन्न सकिन्छ । दोस्रो चित्रलाई लिङ्गका आधारमा हेर्दा तीनजना पुलिङ्ग जसमा एउटा अर्धवैशे र दुईजना ठिटाहरू छन् । जातिका आधारमा हेर्दा वाहुन र भौगोलिकताका आधारमा हेर्दा पहाड भन्न सकिन्छ । तेस्रो चित्रलाई पनि लिङ्ग, जाति र

भौगोलिकताका आधारमा हेर्दा क्रमशः पुरुष (सबै अधवैंशे), ब्राह्मण र पहाडी क्षेत्र । त्यस्तै चौथो, पाँचौं र छैठौं चित्रहरूलाई लिङ्ग, जाति र भौगोलिकताका अधारमा हेर्दा क्रमशः पुरुष पात्रहरू तीनजना जसमा दुईजना ठिटा एकजना वृद्ध मान्छे, त्यस्तै सबै बाहुन जाति र पहाडी परिवेश देखाइएको छ । पाँचौं चित्रमा घरभित्रको परिवेश देखाइएको छ । सबै चित्रहरू उपयुक्त र पाठ सुहाउँदा देखिन्छन् ।

'स्वस्थ बनौं' शीर्षकको पाठ ९ (प्रबन्ध) मा स्वस्थ बन्ने उपाय, महत्त्व र आवश्यकताबारे चर्चा गरिएको छ । पाँचओटा चित्रहरू रहेको यस पाठमा दुईजना बालकको चित्र र तीनजना बालिकाको चित्र रहेका छन् । जातिगत आधारमा यी सबै चित्र अज्ञात छन् । भौगोलिकतालाई पनि चित्रले कुनै सङ्केत गरेको पाइँदैन ।

'आमा' शीर्षकको पाठ ११ (कविता)मा एउटा मात्र चित्रको प्रयोग गरिएको छ । आमाको बखान र महिमाको गुणगान गाइएको यस कवितामा आमाले बच्चालाई वात्सल्यप्रेमले भरिएर काखमा लिएको देखाइएको छ । लिङ्गगत आधारमा हेर्दा एउटा स्त्री र अर्को बच्चा छ । बच्चाको लैङ्गिकता छुट्टिएको छैन । स्त्रीको भेषभूषाका आधारमा वाहुन जाति भन्न सकिन्छ भने भौगोलिकता चित्रले बोलेको छैन ।

'बजा लौरी डाङडुङ' शीर्षकको पाठ १२ (कथा) मा तीनओटा चित्रहरू रहेका छन् । लोभले लाभ र लाभले विलाप हुने कुरालाई दृष्टान्तको रूपमा कथामा देखाइएको छ । पहिलो चित्रमा दुईजना पुरुष पात्र, त्यसमा एउटा अनौठोको पात्र रहेको छ । एउटा पात्र क्षेत्री वाहुन र अर्को अलौकिक पात्र देखिन्छ । भौगोलिकतालाई हेर्दा तराईको प्रतिनिधित्व गरेको पाइन्छ । दोस्रो चित्र र तेस्रो चित्रलाई लिङ्ग र जातिको आधारमा हेर्दा दुईजना पुरुष पात्र जसमा एकजना स्त्री र एकजना पुरुष । त्यस्तै दोस्रो चित्रमा बाख्रा पनि रहेको छ । जातिगत आधारमा यी दुवै चित्रहरूमा ब्राह्मण जातिका पात्र रहेका देखिन्छन् । भौगोलिकताको प्रयोग चित्रमा देख्न सकिँदैन ।

'नरेशको यात्रा' शीर्षकको पाठ १३ (प्रबन्ध)मा चारओटा चित्रहरू रहेका छन् । पहिलो चित्रमा पाँचजना पुरुष, दोस्रो चित्रमा दुईजना पुरुष एकजना महिला अन्य अस्पष्ट केही पात्रहरू, चौथो चित्रमा दुईजना पुरुष पात्रहरू छन् । जातिगत आधारमा हेर्दा पहिलो, दोस्रो, तेस्रो, चौथो चित्रमा वाहुन रहेका र भौगोलिकताका आधारमा पहाड देखिन्छन् ।

'पशुपन्छी र हाम्रो कर्तव्य' शीर्षकको पाठ १४ (प्रबन्ध)मा एउटा चित्र रहेको छ । यस पाठमा पशुपन्छीमाथि हाम्रो दायित्व र कर्तव्य बारेमा चर्चा गरिएको छ । एउटा चित्रमा दुईजना पुरुष पात्र रहेका छन्, दुईजना वाहुन क्षेत्री छन् भने तराइको जङ्गली क्षेत्रलाई समेटिएको छ । चित्रहरू उपयुक्त र पाठ सुहाउँदो रहेको छ ।

'पाप लाग्छ' शीर्षकको पाठ १६ (कविता) मा एउटा मात्र चित्र प्रयोग गरिएको छ । फूलको बखान गरी फूल टिप्नु, फोहोर खेल्नु, खराब प्रवृत्ति भन्दै जतातै ईश्वर रहेकोले पाप नगर्न आग्रह गरिएको छ । मानवेतर चित्र प्रयोग गरिएको छ । बगैँचामा पुतली र चराहरू उडेको देखाइएको छ । चित्र उपयुक्त बन्न सकेको छैन ।

'पछुतो' शीर्षकको पाठ १७ (कथा) मा तीनओटा चित्रहरू रहेका छन् । जातभातको कुरा गरी आफ्नो स्वार्थ पूर्ति गर्दा पछि कुजातले आफैलाई जीवनदान दिँदा पछुताएको प्रसङ्ग राखिएको यस पाठमा सबै मानिस समान हुन् भनिएको छ । पहिलो चित्रमा दुईजना पुरुष पात्र (अर्धवैंशे) र वाहुन जस्ता देखिन्छन् । कोठाको परिवेश देखाइएको छ । दोस्रो चित्रमा पाँचजना पुरुष र एकजना महिला छन् । अस्पतालको शैया छ । यस्तै तेस्रो चित्रमा एकजना महिला, दुईजना पुरुष र एकजना बालक छन् । वाहुन जातका ती पात्रहरूलाई कोठामा राखिएको छ ।

'बाल बालिकाको अधिकार' शीर्षकको पाठ १८ (प्रबन्ध) मा दुईओटा चित्रहरू रहेका छन् । बाल बालिकाको खान, खेल्न र समान अवसर पाउने अधिकारको बारेमा चर्चा गरिएको यस पाठमा पहिलो चित्रमा दुईजना बालकमध्ये एक बालक अर्को बालिका छन् । जाति अज्ञात छ । भौगोलिक परिवेशमा मैदान छ । त्यति प्रस्ट छैन् । दोस्रो चित्रमा एउटा बालक र तीनजना बालिका छन् । उनीहरू खेलिरहेका छन् । जाति अज्ञात छ भने मैदानमा देखाइएको छ । चित्र खासै उपयुक्त र बालबालिका सुहाउँदो देखिँदैन ।

'लक्ष्य' शीर्षकको पाठ १९ (कथा) मा एउटा मात्र चित्र राखिएको छ । लक्ष्यबिना मानिस हिँड्नु व्यर्थ हुने र उद्देश्य लिएर हिँड्ने मानिस सफल हुने कुरा यस पाठमा बताइएको छ । एउटा पुरुष पात्र रहेको यस चित्र बाहुन जातको देखिन्छ । जङ्गलको परिवेश चित्रमा समेटिएको छ ।

'सत्यकामको अठोट' शीर्षकको पाठ २० (कथा) मा चारओटा चित्रहरू रहेका छन् । पहिलो, दोस्रो, तेस्रो र चौथो चित्रमा क्रमशः पाँचजना मानिस (एकजना महिला र चारजना पुरुष), पाँचजना मानिस (एक महिला र चार पुरुष), दुईजना मानिस (एक महिला र एक बालक) र एक पुरुष रहेका

छन् । जातिगत आधारमा चारै चित्रहरू बाहुन जातिका छन् भने पहिलो र दोस्रो चित्रमा पहाडको चौतारो छ भने तेस्रो र चौथो चित्रमा घरको कोठा देखाइएको छ । चित्र उपयुक्त छ ।

'आधुनिक सञ्चार' शीर्षकको पाठ २१ (प्रबन्ध)मा चारओटा चित्रहरू रहेका छन् । सञ्चारका साधनको परिचय, महत्त्व र आजको आवश्यकताका बारेमा चर्चा गरिएको छ । पहिलो चित्रमा आकाशमा चरा कागज टिपेर उडेको छ । दोस्रो चित्रमा दुई बालक र एक बालिका कम्प्युटर खेलाइरहेका छन् । तेस्रो चित्रमा दुई बालक र तीन बालिका टि.भी. हेरिरहेका छन् । चौथो चित्रमा बालिका मात्र छ । जातिगत आधारमा अनभिज्ञ यी चार चित्रहरू भौगोलिक आधारमा सहरिया परिवेशको आँकलन गरिएको छ ।

परिच्छेद-पाँच

निष्कर्ष र सुझाव

५.१. निष्कर्ष

- कक्षा चारको **मेरो नेपाली** पुस्तकमा जम्मा ५४ ओटा चित्रहरू रहेका छन् ।
- विषयवस्तुगत हिसाबले पाठ ४ र पाठ १६ का चित्रहरू नमिलेको देखिन्छ । त्यसबाहेक अरु सबै चित्रहरू उपयुक्त र विषयवस्तु सुहाउँदो देखिन्छ । पाठ ४ मा ताराको वर्णन गरिएको छ तर हिमाल, झरना, लालीगुराँस र सूर्योदयको चित्र बनाइएको छ । त्यस्तै पाठ १६ मा फूलको वर्णन गर्दा बगैंचामा पुतली र चराहरू डुलेको देखाइएको छ । कोपिला नचुड भन्दै गर्दा कोपिला चुडेको देखाइएको छैन ।
- आवश्यकताका दृष्टिले पाठ ३ मा बचत गर्ने वानी अन्तर्गत खुत्रुके बचत, सहकारी, कोषजस्ता बचत गर्ने तरिकाहरू देखाइएको पाइँदैन । पाठ चारमा चित्रहरू आवश्यकताभन्दा धेरै राखिएको छ । पाठ ७ मा दाइजोबिना कै विहेको चित्र पनि आवश्यक देखिन्छ । पाठ १४ मा चित्रको सङ्ख्या कम देखिन्छ ।
- पाठ १० र पाठ १५ मा चित्रहरू राखिएका छैनन् । बुबाको चिठी (पाठ १०) र प्रधानाध्यापकलाई चिठी (पाठ १५) जस्ता पाठहरूमा चित्रहरू छैनन् ।
- रखाइका दृष्टिले हेर्दा पाठ ३, ४, ८, १३ जस्ता पाठहरू अनुपयुक्त छन् । पाठ ३ मा सुरुमै चित्र राखिएको छ, पाठ ४ मा प्रसङ्गअनुरूप राखिएको छैन । त्यस्तै पाठ ८ मा पनि विषयवस्तुसँग मिल्ने गरी सन्दर्भानुसार राखिएको छैन । अन्य सबै चित्रहरू रखाइको दृष्टिले उपयुक्त र सान्दर्भिक नै देखिन्छ ।
- सिकाइका दृष्टिले पाठ ३, ४, ७, १६, जस्ता पाठहरूमा भएका चित्रहरू उपयुक्त छैनन् । सिकाइका दृष्टिले पर्याप्त छैनन् ।
- पाठप्रयोजनका दृष्टिले पाठ ३, ४, १४, १६ १८ आदि पूर्ण रूपमा उपयुक्त रहेको पाइँदैन । अन्य पाठहरूमा भएको चित्रहरू सबै पाठ प्रयोजनअनुसार उपयुक्त रहेको देखिन्छ ।

- सान्दर्भिकताका दृष्टिले पाठहरू ४, १०, १५, १६, १९ आदि उपयुक्त छैनन् । पाठको विषय र सान्दर्भिकताको अभाव देखिन्छ । यी पाठहरूका चित्रबाहेक अरु सबै चित्रहरू सान्दर्भिक र सन्तुलित छन् ।

- बनोटका दृष्टिले चित्रहरूलाई हेर्दा सबै चित्रहरू श्यामश्वेत छन् । सामान्यतः चित्रहरू स्पष्ट नै छन् । पाठ ६ का चित्रहरू अस्पष्ट छन् ।

- चित्रहरू छपाइगत कारणले हरेक पाठमा कुनै चित्र मधुरो र कुनै गाढा देखिन्छन् तर सबै किताबमा केही-केही चित्रहरू अस्पष्ट र धमिलो रहेका छन् ।

- लिङ्ग, जाति र भौगोलिकताका आधारमा चित्रहरूलाई हेर्दा पुरुषको चित्रभन्दा महिलाको चित्र कम देखिन्छ । भूगोलमा पहाडको चित्र बनाइएको छ । ब्राह्मण जातिको प्रतिनिधित्व बढी पाइन्छ । लिङ्ग, जाति र भौगोलिकतालाई कक्षा चारको 'मेरो नेपाली' किताबले सन्तुलित रूपमा समेटेको पाइँदैन ।

५.२. सुझाव

- चित्रहरूलाई रङ्गीन बनाउनुपर्ने देखिन्छ । माथिल्लो कक्षामा श्यामश्वेत चित्रहरू प्रभावकारी रहे तापनि तल्ला कक्षाहरूमा रङ्गीन चित्रहरू राखिनु पर्दछ जसले विद्यार्थीहरूमा पाठप्रति रोचकता प्रदान गर्दछ ।

- पाठमा समाविष्ट चित्रहरूले पाठ्यविषयको केन्द्रीयतालाई प्रतिनिधित्व गर्न सक्नुपर्ने हुन्छ । यस किताबको पाठमा समाविष्ट कतिपय चित्रहरू विषयवस्तु अनुसार मिलेका छैनन् । **नौलाख तारा, लक्ष्य** जस्ता पाठमा पाठ्य वस्तु अनुरूप चित्र मिलेको छैन । तसर्थ पाठ्य वस्तु सुहाउँदा चित्रहरू राखिनु पर्दछ ।

- पाठमा विषयवस्तुले नमागेका असान्दर्भिक चित्रहरू राखिनु हुदैन । विषयवस्तुअनुरूप पात्रको भूमिका छुट्याई सन्दर्भ स्पष्ट हुने गरी चित्रहरू राख्नु पर्दछ ।

- चित्रको बनोट राम्रो र उपयुक्त हुँदा विषयवस्तुको भाव सजिलै व्यक्त हुन्छ । तसर्थ चित्रको बनोटमा विशेष ध्यान दिनुपर्ने हुन्छ । यस किताबमा धेरैजसो चित्रहरू बनोटका दृष्टिले अनुपयुक्त छन् । यसतर्फ चित्रकार र सम्पादकले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

- केही चित्रहरू शब्द मात्रै भएका आधारमा राखिएका छन् । समग्र पाठलाई समेट्ने वा प्रसङ्गलाई समेट्ने चित्रहरू राखिनु पर्दछ । शब्दका आधारमा चित्र राख्नु उपयुक्त हुँदैन ।

- किताबमा सम्पूर्ण पाठहरूमा चित्रकारद्वारा कोरिएका चित्रहरू राखिएको छ तर **आधुनिक सञ्चार** पाठमा एउटा फोटो चित्र राखिएको छ । फोटो चित्र आकर्षक र वस्तुपरक अनि वास्तविक देखिने हुनाले भएसम्म फोटो चित्र राख्नु उपयुक्त हुन्छ ।
- लिङ्ग, जाति, भौगोलिकताका दृष्टिले पाठ्यपुस्तकमा भएका चित्रले समेटेको पाइँदैन । सबै जाति, लिङ्ग र क्षेत्रलाई समान रूपमा प्रतिनिधित्व हुने गरी चित्रहरू समावेश गरिनु आवश्यक देखिन्छ ।

५.३. सम्भावित शोध शीर्षकहरू

- कक्षा चारको **मेरो नेपाली** किताबको कथा विधामा समाविष्ट चित्रहरूको अध्ययन ।
- कक्षा ५ को **मेरो नेपाली** किताबमा समाविष्ट चित्रहरूको अध्ययन ।
- प्राथमिक तहमा कथा विधामा समाविष्ट चित्रहरूको अध्ययन
- बाल मनोविज्ञानका आधारमा कक्षा चारको **मेरो नेपाली** किताबमा समाविष्ट चित्रहरूको अध्ययन ।
- कक्षा १ को **मेरो नेपाली** किताबमा समाविष्ट चित्रहरूको अध्ययन ।
- कक्षा २ को **मेरो नेपाली** किताबमा समाविष्ट चित्रहरूको अध्ययन

सन्दर्भ सामग्री सूची

प्रकाशित ग्रन्थहरू

अधिकारी, हेमाङ्गराज. *नेपाली भाषा शिक्षण.* काठमाडौं : कुञ्जल प्रकाशन, २०५५ ।

_____ . *शिक्षालाई जीवननोपयोगी बनाउने कारक तत्त्वहरू.* कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय, २०४० ।

_____ र वद्रीविशाल भट्टराई. *प्रयोगात्मक नेपाली शब्दकोश.* काठमाडौं : विद्यार्थी प्रकाशन, २०६१ ।

_____ . *समसामयिक नेपाली कला र केही कलाकार.* **आकृति.** वर्ष २, अंक ३, पूर्णाङ्क २ ।

घले, जीवनाथ. *कला र जीवन.* काठमाडौं : विद्यार्थी प्रकाशन, २०६० ।

ज्यापू, गोविन्द नारायण. *चित्रकला विधान.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३३ ।

ढकाल, शान्तिप्रसाद. *नेपाली भाषा शिक्षण : परिचय र प्रयोग.* काठमाडौं : मनकामना बुक्स एण्ड स्टेशनरी, २०६४ ।

पाठ्यक्रम विकास केन्द्र. *प्राथमिक पाठ्यक्रम दिग्दर्शन.* दो.सं. भक्तपुर, २०५७ ।

पौड्याल, वीणा. *नेपाली मूतिकला र चित्रकला.* कीर्तिपुर : पुरातत्त्व विभाग. त्रिभुवन विश्वविद्यालय, २०५७ ।

भट्टराई, रामचन्द्र. *नेपाली चित्रकलाको इतिहास.* कीर्तिपुर : पुरातत्त्व विभाग. त्रिभुवन विश्वविद्यालय, २०६२ ।

भण्डारी, कुलमानसिंह. *बाल साहित्यमा चित्रकला.* ललितपुर : साझा प्रकाशन, २०६३ ।

भण्डारी, पारसमणि. *शोधपत्र विवरण.* काठमाडौँ : न्यु हिरा बुक्स, २०६३ ।

_____ . *भाषिक अनुसन्धान विधि.* काठमाडौँ : पिनाकल पब्लिकेसन, २०६८ ।

लामिछाने, यादवप्रकाश. *नेपाली भाषा शिक्षण.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६७ ।

वाङ्देल, लैनसिंह. *प्राचीन नेपाली मूर्तिकला र चित्रकला.* दार्जिलिङ : चौखम्बा प्रकाशन, २०३४ ।

सिंह, नारायण बहादुर. *समसामयिक नेपाली चित्रकलाको इतिहास.* दार्जिलिङ : चौखम्बा प्रकाशन, २०३३ ।

श्रेष्ठ, दयाराम र अन्य. *नेपाली किताब.* ललितपुर : साझा प्रकाशन, २०६३ ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल. *नेपाली भाषा र साहित्य शिक्षण.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला. *पाठ्यक्रम योजना र अभ्यास.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६१ ।

शोधपत्रहरू

खनाल, हरि. *कक्षा ५ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. ताहचल : महेन्द्ररत्न क्याम्पस, २०५४ ।

खड्का, प्रयागराज. *कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. ताहचल : महेन्द्र रत्न क्याम्पस, २०५९ ।

बस्नेत, संजय. *कक्षा सातको हाम्रो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. ताहचल : महेन्द्ररत्न क्याम्पस, २०५९ ।

तामाङ, गुमानसिंह. *कक्षा ५ को मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. शिक्षाशास्त्र सङ्काय, ताहचल : महेन्द्ररत्न क्याम्पस, २०६५ ।

दवाडी, सरोज. *मुना (बाल मासिक) पत्रिकामा प्रकाशित बाल कथाहरूको अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. शिक्षाशास्त्र ङ्काय, त्रिभुवन विश्व विद्यालय, भरतपुर : सप्तगण्डकी क्याम्पस, २०६८ ।

पाण्डे, ज्ञानप्रसाद. *कक्षा ९ को नेपाली किताब (२०६४) मा समाविष्ट चित्रहरूको अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. ताहचल : महेन्द्ररत्न क्याम्पस, २०६७ ।

रिमाल, विष्णु घिमिरे. *प्राथमिक कक्षा १, २, ३ का नेपाली भाषा पाठ्यपुस्तकमा राखिएका चित्रहरूको अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. ताहचल : महेन्द्ररत्न क्याम्पस, २०५३ ।